**तातो हावा "लू"बाट जोगिने उपाय**
- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily .com

**जनहितमा जारी सन्देश**
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ १६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 29 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६६

## पर्साका किसान भारतीय बजारबाट बीउ आपूर्ति गर्दै

ओमप्रकाश चौधरी, सेढवा, १५ जेठ/

नेपाल सरकारले सिफारिश गरेका धानको बीउ छोडी पर्सेली किसानले भारतीय बजारबाट बीउ आपूर्ति गर्दैछन्।


तस्वीरः फाइल

पर्साको ग्रामीण भेगका किसानहरू अहिले वर्षेबाली धानको बीउ राख्ने तैयारीमा छन्। बीउ राख्नको लागि ब्याडमा सिंचाइ गर्ने, सरसफाइ कार्य तथा उन्नत जातका बीउ र मल व्यवस्था गर्न लागिपरेका छन् । किसानहरूले भारतीय बजार इनरुवा, भङ्हा, मैनाटाड, सिकटा बजारबाट धानको बीउ खरीद गरी ल्याइरहेका छन्। किसानहरूले भारतीय बजारबाट गङ्गा कावेरी, पानछाप, सुफ्ला, सभानाहलगायत दर्जनौं ब्रान्डका बीउ खरीद गरिरहेका छन्। यी ब्रान्डका सोना मन्सुली, सोना सारो, भदई मन्सुली, मनी मन्सुली, कतर्नी, बास्मती तथा हाइब्रिड जातका धानको खेती गर्दै आएका छन्। तर यी जातका धानका बीउलाई नेपाल सरकारले निर्यातको लागि सिफारिश गरेको छैन।

करीब एक दशकअगाडि भारतीय बजारमा सोना मन्सुली जातको धानको बीउ आउँदा किसानहरूले सोही बाली लगाउन थालेका जीराभवानी गाउँपालिका वडा नं ४ का किसान राजेश चौधरीले बताए । यो जातको धानको बीउबाट उत्पादन राम्रो भएपछि किसानहरूको रोजाइमा पऱ्यो। तर पछि यसमा विभिन्न रोगको प्रकोप बढेपछि यसलाई विस्थापित गर्दै केही किसानहरूले सोना सारो र भदई मन्सुली लगाउन थालेका किसान चौधरीले बताए । मनी मन्सुली जातको धानको उत्पादन बढी भइरहेकोले केही वर्षदेखि यसको खेती पनि बढेको छ।

यी धानका बीउ नेपाल सरकारको सिफारिशका बीउ नभएको जीराभवानी गाउँपालिकाका कृषि प्राविधिक क्षत्रबहादुर गुप्ताले बताए । पर्सामा हुने कुल धानखेतीमध्ये करीब ७५ प्रतिशत खेती यी जातका धानको बीउबाट हुने गरेको प्राविधिक गुप्ताले बताए। नेपाल सरकारले सिफारिश गरेका धानका बीउमध्ये हर्दिनाथ–१, सावासव–१, युएस–३१२, उपज–५५६६ र गोरखनाथ–५०९ जातका धानका बीउबाट केही किसानले खेती गर्दै आएका प्राविधिक गुप्ताले बताए। तर यी धानका बीउबाट उत्पादन भने सन्तोषजनक नहुने भएकाले किसानहरूले यी बीउबाट खेती नगर्ने प्राविधिक गुप्ताले बताए ।

पर्सामा भारतीय बीउकै माग बढी भएका कारण भारतीय बजारबाट अवैधरूपमा आयात गरेर भएपनि बिक्री गरिरहेको एकजना धान व्यापारीले बताए। नेपाल सरकारको सिफारिशका बीउमध्ये हर्दिनाथ–१ माग अनुसार ल्याउने गरेको तर अन्य बीउ नल्याएको ती व्यापारीले बताए ।

सरकारले देशभरिको लागि १४४ जातका धानको बीउ सिफारिश गरेको छ ।

## लोकतान्त्रिक गणतन्त्र असफल हुँदै -अध्यक्ष महतो



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १५ जेठ/

राष्ट्रिय मुक्ति क्रान्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले राम्रो भनिएको लोकतान्त्रिक गणतन्त्र पनि असफल हुन लागेको बताएका छन् ।

वीरगंजमा मङ्गलवार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष महतोले क्रान्ति केवल सत्ता परिवर्तनको लागि भएको र निर्णायक हुन नसकेको बताए। उनले राम्रो भनिएको लोकतान्त्रिक गणतन्त्र पनि असफल हुँदै गएकोले अब अर्को क्रान्तिको आवश्यकता रहेको र त्यसको लागि तराई, पहाड, हिमालमा क्रान्तिको लागि जनता जागरण अभियान सञ्चालन गरेको बताए ।

उनले २००७, २०४६, २०६२/६३ को जनआन्दोलन र मधेस आन्दोलनबाट राजनीतिक परिवर्तन मात्र भएको बताउँदै परिवर्तनको लागि हजारौंले ज्यान गुमाए, हजारौं अपाङ्ग भए तर त्यसको लाभ निश्चित वर्ग, समूह र व्यक्तिले मात्र उठाउँदै आएको आरोप लगाए । उनले अहिले पनि गरीब, दलित, अल्पसङ्ख्यक समुदायको पहुँच सत्तामा नरहेको र हरेक तहतप्काका व्यक्तिलाई समावेशी तरीकाबाट प्रतिनिधित्व गराउनुपर्ने आवश्यकता रहेकोले आफ्नो पार्टीले सो अभियान शुरू गरेको बताए ।

उनले आफू ३५ वर्षदेखि राजनीतिमा सक्रिय रहेको र सो क्रममा केही छिटाबाछिटा पनि आफूमा पनि लागेको स्वीकार्दै त्यस्ता छिटाबाछिटा आफ्नो कारणले नलागेको दाबी गरे । उनले आफू बाहिरी शक्तिबाट सञ्चालित भएको भन्ने आरोपमा कुनै सत्यता नभएको बताए । जनभावनाबाट नयाँ हरितक्रान्तिको बाटो पहिल्याउनुपर्ने आवश्यकता रहेको र अहिले आफू सोही अभियानमा समाहित भएको दाबी गरे ।

**प्रस, पोखरिया/**

पोखरियामा आयोजित आमसभामा अध्यक्ष महतोले मधेस मुक्तिको अन्तिम लडाइँका लागि तयार रहन आह्वान गरेका छन् । उनले अहिलेसम्मको आन्दोलनबाट पूर्ण मुक्ति नपाएको र अब हुने आन्दोलनबाट सबै तहतप्काका पिछिडिएका मानिसले मुक्ति पाउने दाबी गरे । सो दलका बुद्ध छिरिङ मोक्तानले जनमत पार्टीले अहिले सत्तासीन दलहरूको चाकडी गरिरहेको आरोप लगाए। उनले मधेसमा एकाएक उदाएको सो दल राज्यमन्त्रीका लागि माओवादी र एमालेको चाकडीमा लागेको आरोप लगाए। उनले अहिले आफ्नो दल तराई, पहाड र हिमालमा मुक्ति अभियानका लागि जनचेतना कार्यक्रममा रहेको र आगामी कात्तिक महीनापछि मुक्तिको आन्दोलनमा होमिने बताए ।

नेजामुद्दीन समानीको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेशका पूर्वमन्त्री रामनरेश यादव, कमला गुरुङ, राजीव झा, गोवर्धन यादव, लालकिशोर पटेल, शिव साहलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा स्वागत राजेशराय यादव तथा सञ्चालन राजेश साहले गरेका थिए।

## बालगङ्गामा उत्खनन बन्द, ठेकेदारलाई क्षतिपूर्ति तिराउन पत्राचार

प्रस, निजगढ, १५ जेठ/

बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा पर्ने बालगङ्गा खोलाबाट ठेक्काको नाउँमा उत्खनन गर्ने कार्य पूर्णरूपमा रोक लगाउँदै ठेकेदार कम्पनीलाई कारबाही गरी जरिवानासहित थप राजस्व असुल गर्न पत्राचार भएको छ । .


बालगङ्गा खोलामा ठेकेदार कम्पनीले उत्खनन गर्दै । तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

जिल्ला अनुगमन समिति बाराको हिजो सोमवार बसेको बैठकले बाराका तीन स्थानीय तह कोल्हवी, निजगढ नगरपालिका र जीतपुरसिमरा उपमहानगरपालिकाले नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्रीका लागि लगाएको ठेक्का सकार गर्ने कम्पनीले मापदण्डविपरित र परिमाणभन्दा बढी नदीजन्य पदार्थ उत्खनन गरी लगेको जनाउँदै सो निर्णय गरेको जिल्ला समन्वय अधिकारी आमेद चौधरीले बताए ।

यही जेठ १ गते कोल्हवी र निजगढ नगरपालिकास्थित बकैया खोला र जेठ ३ गते जीतपुरसिमरा उपमहानगरकापालिकास्थित बालगङ्गा, पसाहा र दुधौरा खोलाको जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्रकुमार साह नेतृत्वको टोलीले स्थलगत अनुगमन गरी तत्कालै सबै खोलामा नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसारमा रोक लगाएको थियो। साथै प्राविधिक टोलीले उत्खनन स्थलहरूको स्थलगत नापजाँच गरी बुझाएको प्रतिवेदनको आधारमा थप आवश्यक निर्णय गर्ने जनाएको थियो .।

सोही अनुसार भौतिक पूर्वाधार कार्यालय बाराका इन्जिनीयर राजेश चौधरीको संयोजकत्वमा डिभिजन वन कार्यालय, सरोकारवाला निकायहरूका प्रतिनिधि, सम्बन्धित स्थानीय तहका प्राविधिकसहितको टोलीले खोलाको स्थलगत नापजाँच गरी जिल्ला अनुगमन समितिलाई प्रतिवेदन बुझाएको थियो । सो प्रतिवेदनको आधारमा बालगङ्गा खोला ठेक्का सकार गर्ने ठेकेदार कम्पनी जय माता दि कन्स्ट्रक्शन, कलैयाले २६ लाख ५३ हजार १५६ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसार गर्न पाइने ठेक्का सम्झौतामा रहे पनि त्यस परिमाणभन्दा तेब्बर बढी नदीजन्य पदार्थ उत्खनन गरेको पाइएपछि सो खोलामा उत्खनन बन्द गर्दै ठेकेदार कम्पनीलाई बढी उत्खनन गरिएको परिमाण बराबरको रकम असुलउपर र मापदण्डविपरीत कार्य गरेबापत जरिवानासमेत असुलउपर गर्न, गराउन जीतपुरसिमरा उपमहानगरपालिका कार्यालयलाई पत्राचार गरिएको छ।

त्यसैगरी, पसाहा र दुधौरा खोलाको हकमा उत्खनन स्थलहरूको नापजाँच नगरी बिलको आधारमा देखाएको उत्खनन परिमाण मान्य नहुने भन्दै दुई दिनभित्र स्थलगत नापजाँच गरी प्रतिवेदन पठाउन जिल्ला अनुगमन समिति बाराले जीतपुरसिमरा उपमहानगरपालिका कार्यालयलाई जानकारी गराएको छ ।

यसैगरी, कोल्हवी नगरपालिकास्थित बकैया खोलाबाट ठेकेदार कम्पनी सुवेदी निर्माण सेवा, तेलकुवाले २८ लाख ४९ हजार ८१९.३० घनफिट नदीजन्य पदार्थमध्ये एक तिहाइ अर्थात् सात लाख १२ हजार ४७२.५७५ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न बाँकी रहेको जनाइएको छ । अब उत्खनन, सङ्कलन गर्न बाँकी परिमाण १० चक्के टिपरले

(बाँकी अन्तिम पातामा)

## मानवसेवा आश्रम भवनको लागि आर्थिक सहयोग


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १५ जेठ/

मानवसेवा आश्रम वीरगंजको भवन निर्माणको लागि सोमवार साँझ वीरगंजमा हास्य कलाकार मनोज गजुरेलको सहभागितामा 'मिट दी ग्रीक' कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा वीरगंजका उद्योगपति, व्यापारीलगायतले मानवसेवा आश्रमको भवन निर्माणको लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका थिए । कार्यक्रममा नगद ५१ हजार सङ्कलन भएको थियो भने वीरगंज–५ का राकेश मिश्र, हेटौंडाको खुशी क्लब, वीरगंज–१५ का सरोजप्रसाद चौधरी, वीरगंज–१२ की सुशीला साह, वीरगंज–८ का सन्दीप साहले भवन निर्माणको लागि ईँटा, बालुवा, गिट्टी सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए भने वीरगंज नर्सिङ होमका कमल पौडेल, डा कल्पना पौडेलले नगद सहयोग गरे ।

वीरगंज–१३ स्थित साउथजोन स्कूल र गणेश लाठको न्यू लक्ष्मीले जनही ५१/५१ हजार रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा मानवसेवा आश्रम भवन निर्माणको लागि पाँच लाख ११ हजार मूल्य बराबरको एउटा कोठा तयार गर्न सहयोग गर्ने अशोक लाठ, डा नीरज सिंह, डा अशोक दास, प्राडा दीपक शाक्य, सुरेश रूँगटा, परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्रीप्रसाद कुर्मी र प्रसौनी गापाका अध्यक्ष विनोद जयसवाललाई सम्मानित गरिएको थियो।

मानवसेवा आश्रमका संस्थापक रामजी अधिकारीको अध्यक्षता एवं वीरगंजका समाजसेवी उद्योगपति मुरलीधर रूँगटाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नगरप्रमुख राजेशमान सिंह, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, पूर्वअध्यक्षद्वय अशोक बैद र सुबोध गुप्ता, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलगायतको सहभागिता थियो ।

**विचारसार र सूक्तिहरू**

**अनुभव कठिन गुरु हो । यसले पहिले स्वाद चखाउँछ, अनि पछि सबक दिन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# नारायणी अस्पताल

नारायणी अस्पताल देशकै पुरानो अस्पतालमध्येको एक हो । यो अस्पतालमा चितवन, मकवानपुर, बारा, रौतहट, सर्लाही, महोत्तरी र छिमेकी भारतका विभिन्न स्थानबाट सेवाग्राहीहरू आउँथ्ये । अहिले यो अवस्था छैन । सबै जिल्लामा अस्पतालहरू सञ्चालनमा आइसकेका छन् । यसका साथै निजी अस्पतालहरू पनि सुविधासम्पन्न खुलेका छन् र खुल्ने क्रममा पनि छन् । अहिले पर्साबाट नै बढीजसो बिरामीहरू चितवन जिल्लामा जाने गरेका छन् । त्यहाँ विभिन्न रोगका अस्पतालहरू सञ्चालनमा आएका छन् र खासगरी क्यान्सरपीडितहरू चितवनमा जाने गरेका छन् । निजी तथा सरकारी क्यान्सर अस्पताल सञ्चालनमा आएकाले अहिले अन्य रोगको तुलनामा क्यान्सररोगको लागि चितवन निकै चर्चित बनेको छ । चितवन एक प्रकारले अस्पतालको हब भएको छ । यस क्षेत्रका बिरामीहरूको पहिलो गन्तव्य चितवन बनेको छ । सेवासुविधाहरू जहाँ पाउँछन्, बिरामीहरूको पहिलो रोजाइ त्यही हुन्छ । नारायणी अस्पतालमा सेवासुविधाहरू नभएको पक्कै होइन । तर व्यवस्थापकीय कमजोरीले यो अस्पतालले आशाप्रद फड्को मार्न सकेको छैन । नारायणी अस्पताल अहिले सङ्घीय सरकार अन्तर्गत छ ।

यहाँ डायलाइसिस मेशीन, मुटुपरीक्षणका लागि क्याथ ल्याब, सर्जिकल, मेडिकल, दन्त, आँखा, बाल बहिरङ्ग, बर्न र प्रसूतिलगायतका सेवाहरू प्रदान गरिन्छ । बिरामीहरूलाई आवश्यक पर्ने सबै खाले यन्त्रहरूको व्यवस्था छ । तर सञ्चालनमा भने छैनन् । यत्रो ठूलो अस्पताल अहिलेसम्म दुई सय शय्यामा सञ्चालित छ । सरकारले पाँच सय शय्याको अस्पताल निर्माणका लागि बजेट विनियोजन गरेर ठेक्का लगाए पनि पाँच वर्षदेखि अदालती प्रक्रियामैं अल्झेको छ । हाम्रो देशमा पूर्वाधार र विकास निर्माण कार्यमा अदालत ठूलो तगारो बनेर उभिएको सर्वविदितै छ । अस्पतालजस्तो संवेदनशील क्षेत्रमा पाँच वर्षदेखि भवन निर्माण हुन सकेको छैन । अर्को उदाहरण वीरगंजको विकासमा पनि अदालत नै तगारो बनेको छ । राजमार्ग विस्तारको लागि परेको रिट के कारणले हेर्न नभ्याउने हो बुझ्निसक्नु छ । जसले गर्दा देशको महानगरको विकास कार्य अवरुद्ध भएको छ । नारायणी अस्पतालमैं फर्कौं, दुई सय शय्याको अस्पतालले दोब्बरी सेवा दिनुपरिरहेको छ । सो अनुसारको त्यहाँ जनशक्ति छैन । अस्पताललाई सुविधासम्पन्न बनाएर बिरामीहरूको उपचारमा सघाउने कार्यमा सरकार, अस्पताल विकास समिति, राजनीतिक दलहरू प्रतिबद्ध देखिएका छैनन् । मन्त्री परिवर्तनसँगै मेडिकल सुपरिटेन्डेन्ट परिवर्तन हुन्छ । यो कार्य अस्पताल सुधारको लागि नभई अस्पतालमा भइरहेका अनियमिततामा कमिशन लिनु नै एकमात्र उद्देश्य रहेको अहिलेसम्मको क्रियाकलापबाट देखिएको छ ।

मेसु परिवर्तन गरी आफूअनुकूलका कर्मचारीहरू ज्यालादारी, करारमा भर्ना गर्ने, औषधिलगायत स्वास्थ्य उपकरण खरीदमा कमिशन कुम्ल्याउने आदि । तर अस्पतालका बेथिति हटाउने कामहरू हुँदैनन् । महानगरपालिकाले अस्पतालको बाहिरी क्षेत्र सफाइ शुरू गरेपछि केही परिवर्तन भएको छ । नत्रभने भौतिक संरचनाको अभावमा सेवाहरू यत्रतत्र, असरल्ल र भताभुङ्ग, लथालिङ्ग अवस्थामा सञ्चालन हुँदै आएका छन् । अस्पताल विकास समितिको अध्यक्ष स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यक्तिलाई नबनाएर पार्टीको कार्यकर्तालाई जिम्मा लगाउने तथा मेसु, चिकित्सक र कर्मचारीहरूलाई पार्टी, मन्त्रीको बफादार बनाउन खोजिनुले पनि अस्पताल भद्रगोल भएको छ ।

# समाजबाट मानवता हराउनुमा जात व्यवस्था सहायक

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**यसले मानिसको मनोविज्ञानमा कसैलाई म ठूलो र कसैलाई म सानो भन्ने कुरा बलियोसँग पारिदिएको छ । त्यसैले साँच्चीकै समाजमा मानवता स्थापना गर्ने हो भने जात व्यवस्था समूल भत्काउन ढिलो भइसक्यो भन्ने कुरो सरोकारवाला सबैले बुझ्न जरूरी छ ।**

मानिस सोच्न सक्ने प्राणी हो । यही सोचले गर्दा मानिसको व्यवहार निरन्तर परिवर्तन भइरहन्छ । सोच अनुसारको व्यवहारलाई संस्कार भनिन्छ । तिनै संस्कारहरू पुरानो हुँदै गएपछि त्यसलाई दिवसको रूपमा मनाउने चलन बसेको हो । यति बेला हाम्रो समाजमा नयाँ–नयाँ दिवस देखा परेका छन् भने पुराना दिवसहरू पनि चलि नै रहेका छन् । नयाँ दिवस नयाँ सोचबाट आएको हो । नयाँ सोच नयाँ पुस्ताले ल्याएको हो । पुरानो सोच पुरानो पुस्तामा कायम छ । त्यस्तोमा कतिपय पुरानो सोचबाट नयाँ पुस्ता मुक्त हुन सकेको छैन भने नयाँ सोच अनुसार नयाँ दिवस पनि मनाउन थालेको देखिन्छ । यति बेला समाजभित्र विज्ञान दिवस, पुस्तक दिवस, भौतिकवादी दिवस, नास्तिक दिवस, जात व्यवस्थाविरुद्ध विद्रोह दिवस आदि दिवसहरू पनि मनाउन थालिएको छ । यही १० गते जेठ देशव्यापी रूपमा जात व्यवस्थाविरुद्ध तेस्रो विद्रोह दिवस मनाएको देखियो ।

अन्धविश्वासका संरक्षक एकथरी मान्छेले 'काम अनुसार जात निर्माण गरिएको हो' – भनेर अर्थ्याउने गरेको पाइन्छ । जात व्यवस्थाबाट कुनै समस्या नरहेको, यो कामको बाँडफाड मात्र हो, भन्ने तर्क उनीहरू गर्छन् । यिनको दृष्टिमा जात व्यवस्थाले समाजभित्र कुनै असमानता उत्पन्न गरेको छैन ।

अन्धविश्वास, रूढिवाद तथा पाखण्डका कट्टर समर्थक र संरक्षक अर्काथरी मानिसको अनुसार हिन्दू धर्मले व्याख्या गरे अनुसार हाम्रो समाजमा ब्रह्माले मान्छेको सृष्टि गर्दा चारवटा जात जन्माए । ब्रह्माको मुखबाट जन्मेका ब्राह्मण, भुजाबाट जन्मेका क्षत्री, पेटबाट जन्मेका वैश्य र खुट्टाबाट जन्मेका शुद्र भए भनी धर्मग्रन्थमा लेखेका छन् । यसरी पूजापाठ गर्ने, होम–यज्ञ गर्ने र शिक्षादीक्षा दिने काम गर्ने भएकोले समाजमा सबैभन्दा श्रेष्ठ ब्राह्मण नै हुन् भन्ने गरेका छन् । त्यसैगरी क्षत्रीको काम राजपाट गर्ने, युद्ध गर्ने, वैश्यको काम व्यापार गर्ने तथा शुद्रको काम यी तीनवटै जातिको सेवा गर्ने कर्तव्य भनी धर्मग्रन्थमा उल्लेख गरिएको छ ।

परम्परागत कम्युनिस्ट आन्दोलनसँग सम्बन्धित व्यक्तिहरू जात व्यवस्थालाई वर्गीय समस्याको रूपमा हेर्ने गर्छन् । जबसम्म समाजमा वर्गीय समस्या रहन्छ तबसम्म जात व्यवस्था रहन्छ । त्यसैले वर्गीय मुक्तिसँगै जात व्यवस्थाबाट पनि मानव समाजले मुक्ति पाउँछ भन्ने धारणा राख्दछन् । वर्गीय मुक्तिभन्दा पर जात व्यवस्था कुनै समस्या नरहेको यिनीहरू व्याख्या गर्छन् । त्यसकारण कुनै पनि कम्युनिस्ट पार्टीभित्र दलितहरूलाई पार्टीको हाई कमान्डमा वर्चस्व हुने गरी आजसम्म स्थान दिएको देखिंदैन । बरु यसको ठीक उल्टो सबै कम्युनिस्ट पार्टीभित्र उही धार्मिक कर्मकाण्डी बाहुनहरूकै हालीमुहाली छ । फलस्वरूप एक नम्बर क्रान्तिकारी इतिहास बोकेका बाहुन कम्युनिस्टहरू कोही उज्यानमा गएर धोती र रामनामी लगाएर शिवको पूजा गर्छन् भने कोही पशुपतिमा सुनको जलहरी व्यवस्थापन गर्छन् ।

संसारभरिकै कम्युनिस्ट आन्दोलनमा आएको पतनको कारण खोज्दै जाँदा वर्तमान अवस्थामा जबसम्म आत्मनिर्भर समुदायको निर्माणमा विज्ञान प्रविधिको प्रयोग गर्दै कम्युनिस्ट पार्टीहरू वर्ग सङ्घर्षलाई जात व्यवस्था उन्मूलनको मुद्दासहित सडकमा जाँदैनन्, तबसम्म वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न हुन सक्दैन भन्ने सोच राख्ने एकथरी कम्युनिस्ट देखिन्छन् । यिनीहरूका अनुसार जात व्यवस्था यसरी निर्माण गरिएको छ कि हाम्रो समाजभित्र त्यसले नै वर्गको निर्माणमा जगको काम गरेको छ । जात व्यवस्था नभत्काएसम्म क्रान्ति नै सम्पन्न नहुने, समाजवाद आउनै नसक्ने टुङ्गोमा यस्ताहरू पुगेका छन् । यसकारण पनि जात व्यवस्था, वर्गीय मुद्दा मात्र होइन, यसबारे छुट्टै जात व्यवस्था उन्मूलन अभियान, क्रान्तिको केन्द्रमा राखेर चलाउन जरूरी छ । यसरी हाम्रो समाजमा जात व्यवस्थाप्रति एउटै राय देखिंदैन ।

वास्तवमा जात व्यवस्था जति सजिलो देखिन्छ, यो त्यति नै पेचिलो चीज हो । जात व्यवस्थाले मानिसको दिमागमा यस्तो मनोविज्ञान स्थापित गरेको छ कि सबैभन्दा माथि हुनेले आफूभन्दा तल कोलाई थिच्ने तथा यो थिच्ने निरन्तरता तल–तल सर्दै जाने र सबैभन्दा तल भएको जातले समेत भुईं खोस्रेर कसलाई थिच्ने भनी खोजी हिंड्ने अवस्था रहेको छ । हाम्रो समाजमा सबै सामाजिक कार्य जातकै आधारमा हुने गरेको सजिलै देख्न सकिन्छ । प्रेम गर्दा जात हेर्नुपर्ने, नहेरेर अन्तर्जातीय प्रेम गरेकै कारण मृत्युदण्ड पाउने घटनाहरूको लामो शृङ्खला छ । कथित तल्लो र उपल्लो जातको बीचमा मात्र होइन, कथित उपल्लो जातभित्र पनि प्रेम सम्बन्ध कायम हुन नसक्नेगरी उपजात व्यवस्थामा आधारित तहगत संरचना छ । जात व्यवस्थाको प्रमुख वैचारिकी रक्त शुद्धता हो । आफ्नो जातभन्दा भिन्न जातमा प्रेम वा विवाह गरे रक्त शुद्धता कायम नरहने हुँदा सजातीय विवाह अनिवार्य छ । जबकि मानव स्वयं एउटा जाति हो । मानिस भित्र रक्त समूहको आधारमा कुरा गर्ने हो भने मान्छेले निर्माण गरेको जातिको कुनै रक्त समूह हुँदैन । यो पूर्णतः अवैज्ञानिक कुरो हो । सजातीय विवाहविरुद्ध समय–समयमा प्रतिरोध र विद्रोह पनि भइरहेकै छ । विभिन्न समयमा अन्तर्जातीय प्रेम विवाह गरेका जोडीहरू यो समाजमा बाँच्न नसकी सामूहिक आत्महत्या गरेका घटनाहरू खोज्ने हो भने प्रत्येक गाउँमा भेटिन्छ । यसको ज्वलन्त उदाहरण पछिल्लो घटनाको रूपमा रूकुम जनसंहारलाई लिन सकिन्छ । विजातीय प्रेम गर्दा समाजले सामूहिक हत्या गरेको उनै नवराज विक र उनका साथीहरूको स्मरण गर्दै जात व्यवस्थाविरुद्ध विद्रोह दिवस २०७९ जेठ १० देखि मनाउन थालिएको हो ।

जात व्यवस्थाको इतिहासतिर फर्कंदा साढे तीन शताब्दी पहिले वर्णाश्रम व्यवस्थाको उदयसँगै व्यवस्थितरूपमा समाजभित्र जातको आधारमा शोषण र विभेद, राजनीतिक संरक्षणमा धार्मिक लेपनभित्र शुरू भएको देखिन्छ । जात व्यवस्थाले यसको शिखरमा रहेको ब्राह्मण समुदायलाई सबैभन्दा बढी फाइदा पुऱ्याउँदै आएको छ भने यसको पिंधमा रहेको दलित समुदायलाई सबैभन्दा बढी नोक्सान पुऱ्याएको छ ।


२०७७ जेठ १० गते अन्तर्जातीय प्रेम विवाहको समर्थनमा भेरी वारि र पारिबाट जम्मा भएर रूकुम (पश्चिम) चौरजहारी सोती पुगेका जन्तीमध्ये जात व्यवस्थाका मतियारहरूले आधा दर्जनको हत्या गरे र दर्जनौंलाई घाइते बनाए । सो नरसंहारपछि जात व्यवस्था अन्तर्गत उपल्लो जातमा दर्ज भएकी रूकुम (पश्चिम) सोतीकी सुषमा मल्ल र तल्लो जातमा दर्ज भएका जाजरकोट रानागाउँका नवराज विकको प्रेमसम्बन्ध वैवाहिक सम्बन्धमा परिणत हुन सकेन ।

समयको गतिसँगै चार वर्ष पहिले जाजरकोट र पश्चिम रूकुमका युवाले सङ्गठित र वैचारिक सचेतनाद्वारा दलित मुक्ति आन्दोलनका निम्ति उक्त कदम पक्कै चालेका थिएनन् । साँच्चै प्रेम अन्धो हुन्छ । प्रेमले जातपात हेर्दैन । तर त्यही भयो त्यति बेला । प्रेम आफैंमा एउटा विद्रोह पनि हो । परम्परागत बिहेविरुद्ध बिगुल हो प्रेम विवाह; त्यसमा पनि अन्तर्जातीय विवाह सशक्त विद्रोह हो ।

विनायोजना सहजतापूर्वक जात व्यवस्थाको साङ्लो भाँच्न गरिएको सो प्रेमिल प्रतिरोधको सम्मान गर्दै विद्रोहको स्तरसम्म पुऱ्याउन बाँचिरहेका सबै प्रगतिशील वामपन्थी क्रान्तिकारी समाजमा रूपान्तरण चाहने भौतिकवादी व्यक्तिहरूको लागि यो एउटा दिवसको रूपमा मनाउने अवसर जुरेको छ । हुनत घटना घटेको साढे तीन वर्षपछि २०८० साल मङ्सिर १९ गते जिल्ला अदालत, रूकुम (पश्चिम)ले एक नाबालकसहित २४ जनालाई जन्मकैद (२५ वर्ष) र नवराजकी प्रेमिकासहित तीनजनालाई जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ अन्तर्गत जनही २ वर्ष कैद र ५० हजार जरिवानाको फैसला सुनाइसकेको छ तर अदालती प्रक्रिया अनुसार अझै पनि अभियोगीहरू उच्च अदालत र सर्वोच्च अदालतमा जान सक्ने अवस्था भएको हुँदा अन्तिम टुङ्गो के हुन्छ अहिले नै भन्न सकिंदैन ।

जे होस् जात व्यवस्था यतिन्जेल सांस्कृतिकरूपमा मात्र धानिएको छैन । यसलाई धार्मिक आवरणभित्र राखेर जसरी राज्यले पूर्ण संरक्षण दिएको छ त्यो पनि एउटा ठूलो कारण छ जसले गर्दा जात व्यवस्था चल्दैछ । हुनत संविधानमा छुवाछूत निषेध गरिएको छ । अपराध मानिएको छ । तर यस विषयमा सार्वजनिकरूपमा थुप्रै चोटी विभेद भएको घटना प्रकाशमा आउँदा पनि कानूनले खासै सजाय गरेको देखिंदैन । त्यसैले जात व्यवस्था केवल छुवाछूत वा छोइ छिटोको समस्या होइन । यो जति गम्भीर सामाजिक र सांस्कृतिक स्वरूपमा देखिन्छ त्योभन्दा बढी गम्भीर राजनीतिक र आर्थिकरूपमा छ । जसरी एकातर्फ राज्यको महत्त्वपूर्ण निकायमा दलितहरूको उपस्थिति लगभग शून्य छ । त्यसैगरी आर्थिकरूपमा समेत उनीहरूसँग शून्यताकै अवस्थामा जग्गा–जमीन पनि छ । दिनरात परिश्रम गरेपनि उनीहरूको नाममा जग्गाको लालपुर्जा बन्नेगरी आम्दानी नहुनुको कारण के होला ? आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रका सहधर्मीहरूको निधार खुम्चनुपर्छ कि पर्दैन ? धर्मग्रन्थहरूमा मानव सबै एक हुन् लेख्ने तर शुद्रहरूले तपस्या गरेकै कारण तिनका घाँटी काटिदिने भगवान्हरूको गुणगान गरेका कथाहरू, व्यास गद्दी लगाएर दिनरात टेलिभिजनबाट प्रसारण गर्दा समाजमा सबै मानव एक हुन् भन्ने पर्छ कि मानव–मानवबीच विभेदको बलियो पर्खाल ठडिन्छ ? मुखले जतिसुकै शान्ति–शान्ति कराए पनि धार्मिक ग्रन्थहरूमा शान्ति शान्ति जति लेखे पनि, हाम्रो समाज निरन्तर अशान्त बन्दै गएको अनुभूति सबैले गरेकै हो । वास्तविक अवस्था अहिले के सम्म छ भने एउटा मान्छेमा मानवता समेत पाउन गाह्रो छ । हजारौं लाखौं मानिस भोकभोकै छन् तर लाखौं क्विन्टल खाद्य सामग्रीहरू वेस्टको रूपमा दिनहुँ फालेको भोजभतेरमा हामी देखि नै रहेका छौं । यस्तोमा मानवता कहाँ देखिन्छ ? वास्तवमा समाजबाट मानवता हराउनुको एउटा मूल जिम्मेवार जात व्यवस्था पनि हो । यसले मानिसको मनोविज्ञानमा कसैलाई म ठूलो र कसैलाई म सानो भन्ने कुरा बलियोसँग पारिदिएको छ । त्यसैले साँच्चीकै समाजमा मानवता स्थापना गर्ने हो भने जात व्यवस्था समूल भत्काउन ढिलो भइसक्यो भन्ने कुरो सरोकारवाला सबैले बुझ्न जरूरी छ ।

# यस्ता छन् करका दरमा हेरफेर



तस्वीरः एजेन्सी

काठमाडौं, १५ जेठ/रासस

सरकारले विभिन्न वस्तु तथा सेवाको करका दरमा हेरफेर गरेको छ । सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा मङ्गलवार अर्थमन्त्री वर्षमान पुनद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को बजेटमा उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने महसूलभन्दा तयारी वस्तुको पैठारीमा लाग्ने महसूल कम्तीमा एक तह कम गरिएको छ ।

स्वदेशी उद्योगलाई प्राथमिकता र प्रश्रय दिन औषधि, इन्डक्सन चुलो, धागो, हेल्मेट, अगरबत्ती, सेनिटरी प्याड, काजु र बदाम प्रशोधन, स्प्रिङ पत्ता बनाउने उद्योगलगायतका उद्योगका कच्चा पदार्थमा लाग्ने पैठारी महसूल र अन्तःशुल्क घटाइएको छ । "मूल्य अभिवृद्धि कर छुट दिइएका वस्तु र सेवाको सूची घटाउँदै स्वच्छ कर प्रणाली विकास गर्न र कराधार विस्तार गर्न केही वस्तुमा मूल्य अभिवृद्धि कर छुट दिने व्यवस्था खारेज गरेको छु । आलु, प्याज, स्याउलगायतका तरकारी एवं फलफूलमा लागेको मूल्य अभिवृद्धि कर खारेज गरेको छु," अर्थमन्त्री पुनले भने, "यसबाट स्वदेशी उत्पादन संरक्षणमा टेवा पुग्ने विश्वास लिएको छु ।"

मदिरा, बियर, सुर्ती र चुरोटमा लगाइएको अन्तःशुल्कको दरमा वृद्धि गरिएको छ । त्यस्तै, मूल्य अभिवृद्धि करमा दर्ताका लागि वस्तु र सेवाको मिश्रित कारोबारमा हाल रहेको थ्रेसहोल्डमा वृद्धि गरी ३० लाख पुऱ्याइएको छ । पेट्रोलियम पदार्थ र कोइलाको पैठारीमा हरित कर लगाइएको छ । स्वदेशी उद्योगको संरक्षण गर्न केही तयारी वस्तुको पैठारी महसूल र अन्तःशुल्कमा वृद्धि गर्ने नीति सरकारले लिएको छ । उद्योगको कच्चा पदार्थको पैठारीमा सहुलियत लिन विभिन्न निकायको सिफारिश आवश्यक पर्ने व्यवस्थामा सुधार गरी उद्योगीलाई नै जिम्मेवार बनाउने व्यवस्था मिलाउने

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# आगामी आर्थिक वर्षका लागि १८ खर्ब ६० अर्बको बजेट

काठमाडौं, १५ जेठ/रासस

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को लागि रु १८ खर्ब ६० अर्ब ३० करोड बराबरको बजेट ल्याएको छ। अर्थमन्त्री वर्षमान पुनले मङ्गलवार संसद्मा बजेट वक्तव्य प्रस्तुत गर्दै कुल विनियोजनमध्ये चालूतर्फ रु ११ खर्ब ४० अर्ब ६६ करोड अर्थात् ६१ दशमलव ३१ प्रतिशत पूँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ३५ करोड अर्थात् कुल विनियोजनको १८ दशमलव ९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु तीन खर्ब ६७ अर्ब २८ करोड अर्थात् १९ दशमलव ७४ प्रतिशत बजेट विनियोजन गरिएको छ।

यो खर्च अनुमान चालू आवको विनियोजनको तुलनामा छ दशमलव दुई प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा २१ दशमलव ५६ प्रतिशतले बढी हो। कुल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार खर्ब आठ अर्ब ८७ करोड विनियोजन गरिएको छ।

आगामी आवका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये राजस्वबाट रु १२ खर्ब ६० अर्ब ३० करोड र वैदेशिक अनुदानबाट रु ५२ अर्ब ३३ करोड बेहोरिनेछ र बाँकी वैदेशिक ऋणबाट रु दुई खर्ब १७ अर्ब ६७ करोड र आन्तरिक ऋणबाट रु तीन खर्ब ३० अर्ब आन्तरिक ऋणबाट बेहोरिनेछ।

**प्रदेश र स्थानीय तहका लागि रु पाँच खर्ब ६७ अर्ब विनियोजन**

सङ्घीय सरकारबाट हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट आगामी आव २०८१/८२ मा प्रदेश र स्थानीय तहका लागि रु पाँच खर्ब ६७ अर्ब बराबर हस्तान्तरण हुने अनुमान गरिएको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा वित्तीय समानीकरण अनुदानतर्फ सङ्घीय सरकारले प्रदेशका लागि रु ६० अर्ब तथा स्थानीय तहका लागि रु ८८ अर्ब विनियोजन गरिएको छ।

सशर्त अनुदान प्रदेशका लागि रु २५ अर्ब ८४ करोड र स्थानीय तहका लागि रु दुई खर्ब आठ अर्ब ८८ करोड गरी जम्मा रु दुई खर्ब ३४ अर्ब ७३ करोड बराबर हस्तान्तरणका लागि विनियोजन गरिएको छ।

समपूरक अनुदानतर्फ प्रदेशलाई रु छ अर्ब २० करोड र स्थानीय तहलाई रु सात अर्ब विनियोजन गरिएको छ। साथै विशेष अनुदानतर्फ प्रदेशका लागि रु चार अर्ब ४० करोड र स्थानीय तहका लागि रु आठ अर्ब ५० करोड बराबर विनियोजन गरिएको छ।

सशर्त, समपूरक र विशेष अनुदानलाई कार्यसम्पादनका आधारमा हस्तान्तरण गरिने व्यवस्था मिलाइने अर्थमन्त्री पुनले जानकारी दिए।

प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँटतर्फ रु एक खर्ब ५९ अर्ब बराबर हस्तान्तरण हुने सरकारको अनुमान छ।

**बढ्यो वनको बजेट**

आगामी आवको लागि वन तथा वातावरण क्षेत्रको बजेट बढेको छ। चालू आवमा रु १५ अर्ब ५६ करोड विनियोजन भएकोमा आगामी आवका लागि रु १४ करोड बढी अर्थात् रु १५ अर्ब ७० करोड विनियोजन गरिएको छ।

स्थानीय तहको सक्रियता बढाएर नदी किनारा तथा सडक आसपासमा समुदायमा आधारित फलफूलखेती गरिने र जडीबुटीखेती प्रवर्द्धनमा जोड दिने सरकारको लक्ष्य रहेको उनले उल्लेख गरे।

"जडीबुटीलाई प्रवर्द्धन तथा निर्यातलाई प्रोत्साहन गरिनेछ," अर्थमन्त्री पुनले भने, "मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वन डढेलो नियन्त्रणका लागि उपकरण खरीदका लागि बजेट विनियोजन गरेको छु।"

उनका अनुसार आगामी आवमा वनविनाश र क्षयीकरण नियन्त्रणका क्रियाकलाप सञ्चालन गर्ने, कार्बन उत्सर्जन न्यूनीकरण गरिने तथा कार्बन व्यापारबाट प्राप्त रकमलाई जलवायु परिवर्तनको जोखिममा रहेका समुदायहरूका लागि खर्च गरिनेछ।

राष्ट्रपति चुरे संरक्षणका लागि आगामी आर्थिक वर्षका लागि रु एक अर्ब पाँच करोड बजेट विनियोजन गरिएको छ। यसैगरी, वायु प्रदूषण न्यूनीकरणका लागि प्रभावकारी कार्यक्रम लागू गरिने सरकारको लक्ष्य छ।

**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु ८६ अर्ब २४ करोड**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु ८६ अर्ब २४ करोड विनियोजन गरिएको छ।

बजेटमा उक्त मन्त्रालयका लागि रु ८६ अर्ब २४ करोड विनियोजन गरिएको छ।

आगामी बजेटमा आधारभूत तथा अत्यावश्यक उपचार सेवालाई सर्वसुलभ र निःशुल्क बनाउने मन्त्री पुनले बताए। उनले आधारभूत अस्पताल निर्माणका लागि रु १५ अर्ब ४१ करोड विनियोजन गरिएको जानकारी दिए।

मन्त्री पुनका अनुसार विभिन्न आठ प्रकारका कडा रोगलाई रु एक लाख बराबरको रु तीन अर्ब बजेट विनियोजन गरिएको छ। खोप, प्रजनन र १८ वटा औषधि निःशुल्क प्रदान गर्न रु एक अर्ब ४३ करोड, आमा सुरक्षा र मातृ तथा नवजात शिशु स्याहार कार्यक्रमका लागि रु तीन अर्ब छ करोड विनियोजन गरिएको छ।

क्यान्सर, मेरुदण्ड र पक्षघातलगायत रोगको उपचार, मिर्गौला प्रत्यारोपण र डायलाइसिस सेवा लिइरहेका बिरामीलाई औषधि उपचार खर्चबापत दिइँदै आइएको मासिक रु पाँच हजार सम्बन्धित व्यक्तिको खातामा नै जम्मा हुने व्यवस्था मिलाएको बजेटमा प्रस्तुत गरिएको छ। यसका लागि रु दुई अर्ब विनियोजन गरिएको छ।



अर्थमन्त्री वर्षमान पुन। तस्वीरः रासस

**खेलकूद मन्त्रालयलाई रु तीन अर्ब ५० करोड विनियोजन**

सरकारले युवा तथा खेलकूद मन्त्रालयका लागि रु तीन अर्ब ५० करोड रकम विनियोजन गरेको छ।

उक्त रकम अघिल्लो आवको तुलनामा यसपटक वृद्धि भएको हो। सरकारले युवा तथा खेलकूद मन्त्रालयलाई अघिल्लो वर्ष रु दुई अर्ब ८७ करोड ५९ लाख बजेट छुट्याएको थियो।

आगामी आवमा अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगितामा उत्कृष्ट नतीजा भिœयाउनका लागि राष्ट्रिय टीमको तयारीका साथै खेलाडीलाई प्रोत्साहन गरिने सरकारको योजना रहेको छ।

यसैगरी, सरकारले आगामी आवमा विभिन्न विधाका ८० वटा राष्ट्रिय खेलकूद प्रतियोगिता आयोजना गर्ने लक्ष्य लिएको छ भने सुर्खेतमा आयोजना हुने १०औं राष्ट्रिय खेलकूद प्रतियोगिताको लागि रु ६० करोड विनियोजन गरेको छ।

नेपालको मौलिक खेल एवं परम्परागत घोडाचढी, डन्डीबियो, बागचाललगायत खेलको प्रवर्द्धन गर्ने, आधुनिक प्रविधियुक्त ई-स्पोर्ट्सको अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने, काठमाडौंको मूलपानी क्रिकेट रङ्गशाला र विराटनगरको गिरिजाप्रसाद कोइराला रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण गर्ने सरकारको लक्ष्य छ।

चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध क्रिकेट रङ्गशालाको निर्माण सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारीमा निर्माण अघि बढाइनाका साथै खेलकूद पूर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखिने सरकारको योजना छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय रङ्गशाला र कैलालीको फाप्ला क्रिकेट रङ्गशाला निर्माणलाई तीव्रता दिने सरकारको योजना रहेको छ। सरकारले खेल पूर्वाधार निर्माणतर्फ रु एक अर्ब ३० करोड रकम विनियोजन गरेको छ।

**सामाजिक सुरक्षा कार्यक्रम र स्वास्थ्य बीमाबीचको दोहोरोपन हटाइने**

सरकारले स्वास्थ्य बीमा कार्यक्रमका लागि रु सात अर्ब ५० करोड विनियोजन गरेको छ।

अर्थमन्त्री पुनले स्वास्थ्यसँग सम्बन्धित सामाजिक सुरक्षा कार्यक्रम र स्वास्थ्य बीमाबीचको दोहोरोपन हटाइने जानकारी दिए।

मन्त्री पुनले स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरी स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गरिनेसमेत जानकारी दिए। सरकारले आयुर्वेदिक, प्राकृतिक चिकित्सा, योग, होमियोपेथी, युनानी, अक्युपङ्चरलगायत वैकल्पिक उपचार पद्धति विस्तारका लागि रु २४ करोड विनियोजन गरेको छ।

**जग्गा रोक्का तथा फुकुवा अनलाइन प्रणालीबाट**

सरकारले भूमि प्रशासनसम्बन्धी अभिलेखलाई 'डिजिटलाइज' गरी जग्गाधनीको पहुँच हुने व्यवस्था मिलाउने भएको छ। आगामी आवबाट सरकारले बैंक, वित्तीय संस्था, सहकारी सङ्घसंस्थाबाट पेश हुने रोक्का तथा फुकुवासम्बन्धी कार्य पूर्णरूपमा अनलाइन प्रणालीबाट सञ्चालन गर्ने जनाइएको छ।

उनले आधुनिक प्रविधिमा आधारित नयाँ राष्ट्रिय नियन्त्रण बिन्दु सञ्जाल स्थापना गरी नापनक्शा कार्य अगाडि बढाइने उल्लेख गरे। नापनक्शासम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रविधियुक्त बनाइने बजेटमा उल्लेख छ। त्यस्तै, बाँकी रहेका गाउँब्लक जग्गाको नापजाँच सम्पन्न गर्ने र भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

सरकारले भूमिहीन दलित, सुकुमबासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न भूमिसम्बन्धी समस्या समाधान आयोगमार्फत पाँच लाख परिवारलाई जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउनेसमेत बजेटमा उल्लेख गरेको छ। कानूनमा आवश्यक संशोधन गरी सहकारिताको सिद्धान्त र नीतिबमोजिम सहकारी सञ्चालन हुने व्यवस्था गरिने, बचत तथा ऋण सहकारी संस्थाको नियमन गर्न नियामक निकाय स्थापना र बचत तथा ऋण सहकारीलाई एकापसमा गाभिन सहजीकरण गरिनेछ।

बचत तथा ऋण सहकारी संस्थामा देखिएका समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरको परिवारका सदस्यको नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा रु पाँच लाखसम्मका बचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था मिलाइनेसमेत सरकारले बजेटमार्फत जनाएको छ। आगामी आवमा भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयको लागि रु छ अर्ब ८२ करोड विनियोजन गरिएको छ।

**रु एक अर्बको नेपाल स्टार्टअप कोष स्थापना**

सरकारले स्टार्टअप उद्यमीको वित्तीय आवश्यकता सम्बोधन गर्न कोषको स्थापना गर्ने भएको छ। स्टार्टअप उद्यमीको वित्तीय आवश्यकता सम्बोधन गर्न रु एक अर्बको नेपाल स्टार्टअप कोष स्थापना गरिनेछ, अर्थमन्त्री पुनले भने।

बजेटमा सरकारले स्टार्टअप तथा नवप्रवर्तनमा युवा सहभागिता बढाउन उद्यमशील वातावरण सिर्जना गर्ने उल्लेख छ। उनले उद्यममा युवा सहभागिता बढाउन स्टार्टअप र नवप्रवर्तनका लागि इकोसिस्टम विकास गरी उद्यमशील वातावरण सिर्जना गर्ने उल्लेख गरे। त्यस्तै, सरकारले स्टार्टअप उद्यमीलाई सहजीकरण र नियमन गर्न स्टार्टअप बोर्ड गठन गरिने र युवाको उद्यमशील सोचलाई व्यवसायमा रूपान्तरण गर्न प्रत्येक प्रदेशमा बिजिनेस इन्क्युबेशन सेन्टर सञ्चालन गरिने अर्थमन्त्री पुनले बताए। बजेट वक्तव्यमा सरकारले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई नवप्रवर्तनमा प्रवाह गर्न प्रोत्साहन गर्ने उल्लेख छ।

**ऊर्जामा ठूला आयोजना शुरू हुने, कुल जडित क्षमता ४५ सय मेगावाट पुऱ्याइने**

आगामी आवमा मुलुकको राष्ट्रिय प्रणालीमा चार हजार पाँच सय मेगावाट बराबरको बिजुली उपलब्ध हुने प्रक्षेपण गरिएको छ। आगामी आवमा नौ सय मेगावाट बिजुली थप हुने सरकारले उल्लेख गरेको छ। ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै कुल जडित क्षमता बढ्ने बजेटमा उल्लेख छ।

हाल प्रतिव्यक्ति विद्युत् खपत क्षमता ३८० किलोवाटबाट बढाएर ४५० किलोवाट बराबर पुग्नेछ। यस्तै, आगामी आवदेखि नेपालको बिजुली बङ्गलादेश पुऱ्याइनेछ। भारतमा मात्रै निकासी भइरहेको बिजुली बङ्गलादेश पुगेपछि नेपालको बिजुली क्षेत्रीय बजारमा प्रवेश गर्नेछ।

यस्तै, सुक्खायामको मागलाई सम्बोधन गर्ने लक्ष्यका साथ सरकारले जलाशययुक्त आयोजना निर्माणलाई पनि विशेष प्राथमिकतामा राखेको छ। निर्माणमा जान ठिक्क रहेको एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण शुरू गर्नेछ। सो आयोजना निर्माणका लागि वित्तीय स्रोतको सुनिश्चितताका लागि दुईवटा ढाँचा प्रस्ताव गरिसकिएको छ।

जलाशययुक्त आयोजनाको बाँध र विद्युत्गृह छुट्टाछुट्टै निर्माण गर्नेगरी आवश्यक व्यवस्था गरिने बजेटमा व्यवस्था गरिएको छ।

यस्तै, ६३५ मेगावाट क्षमताको दूधकोशी, ४१७ मेगावाट क्षमताको नलगाड जलविद्युत् आयोजना निर्माण शुरू गर्ने व्यवस्था बजेटमा गरिएको छ। यस्तै, २८० मेगावाट क्षमताको नौमुरे जलविद्युत् आयोजनाको समेत निर्माण शुरू गर्ने सरकारले लक्ष्य निर्धारण गरेको छ।

सरकारले वैदेशिक रोजगारमा रहेका नागरिकको लगानीलाई सुरक्षित गर्नेगरी ७७ दशमलव पाँच मेगावाट क्षमताको घुन्सा खोला र ७० दशमलव तीन मेगावाट क्षमताको सिम्बुआ खोला जलविद्युत् आयोजनाको निर्माण शुरू गर्ने व्यवस्था बजेटमा गरिएको छ।

यसैगरी, जनताको जलविद्युत् कार्यक्रम अन्तर्गत १०६ मेगावाट क्षमताको जगदुल्ला, ९९ दशमलव नौ मेगावाट क्षमताको तामाकोशी पाँचौं, २१० मेगावाट क्षमताको चैनपुर सेती जलविद्युत् आयोजना निर्माण शुरू गर्ने लक्ष्य निर्धारण गरिएको छ।

सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको लगानी ढाँचा निर्धारण गरी निर्माणका लागि आवश्यक प्रक्रिया शुरू गरिनेछ। त्यस्तै, १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली चीसापानी जलविद्युत् आयोजनाको विस्तृत अध्ययनसहित इन्जिनियरिङ डिजाइनको कार्य शुरू गर्ने प्रबन्ध बजेटमा गरिएको छ।

सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत ऊर्जालाई स्वच्छ एवं नवीकरणीय ऊर्जाको उपयोग र प्रवर्द्धनमार्फत विस्थापन गर्दै जाने लक्ष्य राखिएको छ।

निजी क्षेत्रको लगानीमा एक सय मेगावाट क्षमता बराबरको सौर्य ऊर्जा प्रणाली जडानका लागि आवश्यक व्यवस्था बजेटले गरेको छ। हरित हाइड्रोजनको उत्पादन, भण्डारण र प्रयोगलाई प्रोत्साहन गर्ने सरकारको नीति छ।

ढल्केबर-इनरुवा प्रसारण लाइन, बाह्रबिसे-खिम्ती-लप्सीफेदी चार सय केभी क्षमताको प्रसारण लाइन निर्माण सम्पन्न गरिनेछ। ती आयोजना हाल निर्माणका क्रममा छन्। सेती करिडोर, भेरी करिडोर र बूढीगण्डकी करिडोर प्रसारण लाइन निर्माण शुरू गर्ने सरकारले लक्ष्य निर्धारण गरेको छ।

न्यू बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने लक्ष्य बजेटले लिएको छ। इनरुवा-पूर्णिया, दोदोधारा-बरेली प्रसारण लाइन निर्माणका लागि आवश्यक व्यवस्था गरिएको छ।

प्रसारण लाइनको 'राइट अफ वे'का लागि आवश्यक पर्ने जग्गा प्राप्तिका लागि जग्गाधनीलाई शेयर प्रदान गर्ने व्यवस्था बजेटमा गरिएको छ। अर्थमन्त्री पुनले ऊर्जा क्षेत्रका लागि रु ५० अर्ब ७४ करोड बराबरको बजेट विनियोजन गरिएको जानकारी दिए।



**गणतन्त्र दिवसका अवसरमा सांस्कृतिक नृत्य प्रस्तुतः** गणतन्त्र दिवस, २०८१ को अवसरमा सैनिक मञ्च टुँडिखेलमा मङ्गलवार आयोजित विशेष समारोहमा मुलुकको कला र संस्कृति झल्काउने नृत्य प्रस्तुत गर्दै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाललगायत। तस्विरः प्रदीपराज वन्त/रासस

# गणतन्त्रको घाम अस्ताउनुहुन्न

विचार



ईश्वर पोखरेल

**हामीसँग व्यवस्था र प्रणालीका रूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र त छ, तर सरकारका अभ्यासहरू थप जनकेन्द्रित हुनु जरुरी छ। कुशासन र भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्ने चुनौती पनि छ। आर्थिक सङ्कट र असमानता चुलिनुभएन। यी समस्याहरूलाई सम्बोधन गरेर मात्र गणतन्त्रलाई सुरक्षित बनाउन सकिन्छ।**

निरङ्कुशताको विरोध र लोकतन्त्र स्थापनाका लागि सङ्घर्षको इतिहास लामै भए पनि नेपालको गणतान्त्रिक यात्रालाई त्यति लामो भन्न मिल्दैन। तर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि हुँदै आएका अभ्यास, स्थापना गरिएका संरचना र संयन्त्रहरूलाई क्रमशः अगाडि बढाउने प्रयत्न भने हुँदै आएका छन्। नेपालमा लोकतान्त्रिक आन्दोलनको इतिहास र पृष्ठभूमि हेर्दा शुरूदेखि नै यसभित्र दुईटा धार वा दुईटा पाटा रहेको कुरा देख्न वा बुझ्न सकिन्छ। एउटा राष्ट्रवादी धार रहेको छ, जसले मुलुकको स्वतन्त्रता, स्वाधीनता, अखण्डता र राष्ट्रिय स्वाभिमानको पक्षको दृढतापूर्वक पक्षपोषण गर्दछ, प्रतिनिधित्व गर्दछ वा नेतृत्व गर्दछ। यही अडान र मान्यता बोकेर यस धारले कुनै पनि प्रकारका बाह्य हस्तक्षेपप्रति असहमति राख्छ वा त्यसको विरोधमा आफूलाई सशक्तरूपमा उभ्याउँछ। मूलतः कम्युनिस्ट पार्टी र कम्युनिष्ट जनमतले राष्ट्रिय शक्तिका रूपमा यसको प्रतिनिधित्व गर्दछ।

लोकतान्त्रिक आन्दोलनभित्र अर्को धार वा पाटो पनि छ– बाह्य दबाब वा हस्तक्षेपप्रति नतमस्तक हुने, राष्ट्रिय आत्मसमर्पणलाई केही नमान्ने, राष्ट्रिय स्वाभिमान र राष्ट्रिय अखण्डताको पक्षमा खडा हुन नसक्ने आत्मसमर्पणवादी धार। यस धारले विदेशी शक्तिको प्रभाव वा दबाबमा राष्ट्रिय स्वाधीनता र स्वाभिमानलाई बोक्न नसक्ने चरित्र प्रदर्शन गर्दै आएको छ। २००७ सालदेखिका राष्ट्रिय राजनीतिसित सम्बन्धित विभिन्न घटना प्रसङ्गहरूले यी वास्तविकतालाई छर्लङ्ग पार्दै आएका छन्।

राजतन्त्रको भूमिका ऐतिहासिक तथ्यमा आधारित तथा वस्तुनिष्ट ढङ्गबाट हेरिनुपर्छ। नेपालको एकीकरणका लागि पृथ्वीनारायण शाहले सकारात्मक र ऐतिहासिक पहल गरेकै कारण आज मुलुक नेपाल राष्ट्रका रूपमा रहन सकेको हो। तर त्यसपछिका राजाहरूको चरित्र आमरूपमा निरङ्कुश र स्वेच्छाचारी रह्यो। वंश परम्परामा आधारित अनिर्वाचित सत्तालाई प्रतिनिधित्व गर्ने राजतन्त्र निरङ्कुश र स्वेच्छाचारी रह्यो, जनता र देशको पक्षमा रहेन। यही पृष्ठभूमि र सन्दर्भमा लोकतन्त्र/गणतन्त्रको नारा सशक्त बन्दै गयो। नेपाली जनता र नेपाली जनतालाई प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीहरूप्रति निरन्तर विश्वासघात र शत्रुवत् व्यवहारका कारण राजतन्त्र नेपालबाट सदासदाका लागि बिदा हुनुपर्‍यो।

नेपालमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रका लागि पटकपटक आन्दोलन भएका छन्। २००७ सालको दिल्ली सम्झौता होस् वा २०१७ सालमा जननिर्वाचित सरकारलाई अपदस्थ गरी निरङ्कुश तथा निर्दलीय पञ्चायती व्यवस्था लाद्ने क्रममा राजतन्त्र उद्यत रह्यो। त्यसविरुद्ध विभिन्न समयमा सङ्घर्षहरू हुँदै आए। २०३६ साल र २०४६ सालका आन्दोलनहरू भए। दरबार हत्याकाण्ड र राजपरिवारको वंश विनाश तथा ज्ञानेन्द्रको प्रतिगामी कदमले २०६२/६३ सालको आन्दोलन निम्त्यायो र मुलुकमा गणतन्त्र घोषणा भयो। २०६५ जेष्ठ १५ गते जननिर्वाचित संविधानसभाले २४० वर्षे निरङ्कुश शाहवंशीय राजतन्त्र अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा गर्‍यो।

राजदरबार हत्याकाण्ड र सम्पूर्ण राजपरिवारका सदस्यहरूको वंश विनाश भएपछि नेपालमा राजतन्त्र विधिवत् समाप्त भएको कुरा स्वीकार गर्नुपर्छ। यही वास्तविकतालाई संसद्ले औपचारिक घोषणा गरी 'गणतन्त्र नेपाल' स्थापनाको ऐतिहासिक घोषणा गरेको थियो। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कुरा गर्दा हाम्रो सङ्घीयता नेपाली विशेषता भएको मौलिक खालको छ। बहुजाति, बहुधर्म, बहुसंस्कृति र भौगोलिक विविधतायुक्त विशिष्टता रहेको छ। अर्थात् कुनै एक जातिको बहुमत छैन। त्यसैले नेपाल बहुराष्ट्रिय राज्य होइन, बहुजातीय, बहुभाषिक, बहुधार्मिक राष्ट्रिय–राज्य हो। अहिले एकथरि मानिस मुलुकलाई बहुराष्ट्रिय राज्यका रूपमा परिभाषित गर्ने प्रयत्न गरेका पनि देखिन्छन्, जुन कुरा नेपालको ऐतिहासिक विकासक्रम र वास्तविकतसित मेल खाँदैन।

संविधान कार्यान्वयनमा राजनीतिक तहमा पनि बुझाइमा एकरूपता हुनुपर्छ। हाम्रो संविधान सहमतिको दस्तावेज हो, असंशोधनीय र अपरिवर्तनीय दस्तावेज होइन। समायानुकूल परिमार्जन गर्दै जानुपर्छ। दलहरूको सहमतिमा प्रक्रियागत ढङ्गबाट संशोधन वा परिमार्जन गर्न सकिन्छ र गर्नु पनि पर्छ। संविधानमा समाजवादको आधार तयार गर्ने भनिएको छ, कसरी तयार गर्ने भन्नेबारे राजनीतिक तहमा बुझाइ र त्यसको कार्यान्वयनमा एकरूपता आवश्यक छ। सीपलाई श्रमसित, श्रमलाई रोजगार र उत्पादनसँग गाँस्न र उत्पादनलाई बजारसँग जोड्न सकिएमा र यी सबैलाई समृद्धि प्राप्त गर्ने कुरासित जोड्नुपर्छ।

### गणतन्त्रले ल्याएको परिवर्तन

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि धेरै कुरामा परिवर्तन भएको छ। नागरिकले राजनीतिक स्वतन्त्रता उपभोग गरिरहेको छ। गणतन्त्रका डेढ दशकको अवधिमा समावेशी प्रतिनिधित्व नीति निर्माण तथा प्रशासनिक क्षेत्र उत्साहजनक रहेको छ। सार्वजनिक सेवा प्रवाह सहज र पहुँचयोग्य बनाउँदै लगिएको छ। सरकारी काम कारबाईलाई थप पारदर्शी र जवाफदेही बनाइएको छ। प्रदेश र स्थानीय तहका सेवा प्रवाहले सार्वजनिक सेवालाई नागरिकको नजीक पुर्‍याएको छ। देशले सङ्घीय शासन व्यवस्थाको अभ्यास गर्दैछ। संविधानमा तीन तहको सरकारको अलगअलग र साझा अधिकारको व्यवस्था स्पष्ट उल्लेख छ। पहिले सिंहदरबारमा केन्द्रित नागरिक अधिकार अहिले जनताको घरघरमैं पुगेको छ। सरकार खोज्न नेपाली जनता अब सिंहदरबार धाउनुपर्ने अवस्था अन्त गरिंदैछ–हुँदैछ। घर आँगनमैं पुर्‍याउने कोशिश गरिंदैछ।

पहिले जनताका घर आँगनसम्म, उनीहरूका दुःख अप्ठ्यारोसम्म सिंहदरबारको आँखा नपुगेको प्रणालीगत गुनासाहरूको सम्बोधन अहिले जनताका घर आँगनकै सरकारले गर्न सक्ने भएका छन्। यो गणतन्त्रको महत्त्वपूर्ण उपलब्धि हो। करीब डेढ दशक अघिसम्म ऊर्जाका क्षेत्रमा स्वदेशको उत्पादन र भारतबाट आयात गर्दासमेत कहालिलाग्दो लोडसेडिङ रहेकोमा हाल उत्पादनमा उल्लेख्य वृद्धि भई निर्यातसमेत शुरू भएको छ। सडक, पुल, भवन, जलविद्युत् योजना, विमानस्थल, सिंचाइ नहर, केबुलकार, सुरुङमार्गको निर्माण पनि अघि बढेका छन्। यस अवधिमा सञ्चार क्षेत्रले ठूलो फड्को मारेको छ। यसैबीच नेपालको अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता तथा प्रतिनिधित्व प्रभावकारी बन्दै गएको छ। गणतन्त्र स्थापनापछिको अवधिमा मुलुकमा सामाजिक र सांस्कृतिक सद्भावमा अभिवृद्धि भएको छ। जनतामा आशाको सञ्चार हुन सकेको छ। गणतन्त्र प्राप्तिपछिको अवधिमा मुलुकले राजनीतिक, आर्थिक, सामाजिक तथा जनजीविकाको सवालमा गुणात्मक फड्को मारेको स्पष्ट छ।

### राजनीतिक स्थायित्वका लागि संविधान संशोधनको खाँचो

संविधान कार्यान्वयनका झन्डै १० वर्षको अनुभवका आधारमा यसमा केही परिमार्जन गर्नैपर्ने देखिन्छ। गणतन्त्रलाई सबल बनाउन निर्वाचन प्रणाली र शासकीय स्वरूप यतिबेला पुनरवलोकन गर्नुपर्ने महत्त्वपूर्ण विषय रहेको छ भनी सार्वजनिक छलफलका विषय बनेका छन्। यी र अन्य कतिपय विषय र संवैधानिक विषयमाथि छलफल चल्नु आवश्यक छ। कतिपय कुरा मुलुकमा राजनीतिक अस्थिरता पैदा गर्ने भनी चर्चाका विषय बनेका छन्। यी विषयहरूमा सार्थक छलफल चल्नु आवश्यक छ। राजनीतिक अस्थिरता हुनुमा त्यस्ता विषय महत्त्वपूर्ण कारक रहेको मानिंदै छ/ठानिंदै छ। राजनीतिक अस्थिरता र त्यसका कारणले देखा परेका अन्य समस्यामा केन्द्रित रहेर संविधान संशोधनका विषय बनाइनुपर्छ। निर्वाचनमा कुनै न कुनै दलले सहज बहुमत प्राप्त गर्नै नसक्ने विडम्बनापूर्ण अवस्था परिवर्तन गरिनैपर्ने आवश्यकता देखिएको छ। यही अस्थिरतामा छुद्र सत्ता स्वार्थका लागि गठबन्धन हुने, आर्थिक विकास, सामाजिक सन्तुलनलगायत क्षेत्रमा राजनीतिक दल गम्भीर हुन नसक्ने कुराले जनतामा निराशा उत्पन्न भएको छ।

आर्थिक विकास र समृद्धिका लागि देशमा राजनीतिक स्थायित्व आवश्यक पर्दछ। राजनीतिक स्थायित्व नभए आर्थिक विकास हुन नसक्ने र मुलुकमा सधैं गरीबीको अवस्था रहन्छ। यसले समाजवादको यात्रा तय हुन नसक्ने मात्रै होइन, जनतामा वितृष्णा उत्पन्न गर्दछ। राजनीतिक स्थायित्वविना राष्ट्रिय स्वाभिमान र स्वतन्त्रता कमजोर हुन्छ। त्यही राजनीतिक स्थायित्व अन्तर्गत रहेर राष्ट्रिय स्वाभिमान नरहे सामाजिक सद्भाव पनि खल्बलिने छ। यो खल्बलियो भने मुलुकको अस्तित्वमाथि गम्भीर सङ्कट आउने छ। राष्ट्रिय एकताका लागि सामाजिक सद्भाव कायम हुनुपर्दछ। जनतामा प्रभावकारी सेवा प्रवाहमा कठिनाइ हुने, त्यो सहज नहुने हो भने कुनै पनि शासन व्यवस्था टिक्न सम्भव हुँदैन।

अन्त्यमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न केही समस्या देखिएका छन्। संविधान अनुसार अझै आवश्यक नीति, कानून तर्जुमा र परिमार्जन हुन सकेका छैनन्, कतिपय संरचनाको व्यवस्थापन बाँकी नै छ। आवश्यकता अनुसार आचरण र शैलीमा परिवर्तन हुन सकेको छैन। राज्यका सेवा प्रवाहमा पनि समस्याहरू छन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि पनि अझै थुप्रै विसङ्गति कायमै छन्। गणतन्त्र स्थापनाको डेड दशक बितिसक्दा पनि जनताको मुहारमा राम्ररी खुशीको उज्यालो देख्न सकिएको छैन। गणतन्त्रको मर्म र मान्यता अनुसार आप्नो चरित्र र प्रवृत्तिमा उल्लेखनीय सुधार नगर्ने हो भने गणतन्त्रले आम जनताको मुहारमा खुशी दिन सक्दैन।

हामीसँग व्यवस्था र प्रणालीका रूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र त छ, तर सरकारका अभ्यासहरू थप जनकेन्द्रित हुनु जरुरी छ। कुशासन र भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्ने चुनौती पनि छ। आर्थिक सङ्कट र असमानता चुलिनुभएन। यी समस्याहरूलाई सम्बोधन गरेर मात्र गणतन्त्रलाई सुरक्षित बनाउन सकिन्छ। गणतन्त्रलाई यो जोखिमबाट जोगाउनु सबै लोकतन्त्रवादीको साझा कर्तव्य हो। अब गणतन्त्रको विकल्प राजतन्त्र वा अन्य तन्त्र हुन सक्दैन। 'गणतन्त्र प्राप्ति र त्यसका उपलब्धिलाई ओझेल पर्न दिनुहुँदैन। सङ्घीय लोकतान्त्रिक गणतन्त्रले पनि विकास, सुशासन, समृद्धि र सामाजिक न्यायको जन अपेक्षा परिपूर्ति गर्न सकेन भने वैचारिक रिक्तता र निराशा उत्पन्न भई अराजकता बढ्ने र मुलुक असफल राष्ट्र बन्ने जोखिम रहन्छ। गणतन्त्रलाई साझा जीवन पद्धतिसँग गाँस्न सक्दा मात्रै यसलाई सबल र सुदृढ पार्न सकिन्छ। गणतन्त्रको पारिलो घाम कहिल्यै अस्ताउनुहुन्न, सधैं सबै नेपालीको घर आँगनमा पुग्नुपर्दछ।

–नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष पोखरेलसँग राससले गरेको कुराकानीमा आधारित।

## यस्ता ...

बजेटमा उल्लेख छ।

वैदेशिक पूँजी आकर्षित गर्न जनाउँदै सरकारले विदेशी बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको ब्याज भुक्तानी गर्दा लाग्दै आएको आयकर घटाएको छ। "लगानी सम्भाव्य मुलुकबाट लगानी आप्रवाह वृद्धि गर्न दोहोरो करमुक्ति सम्झौताको मोडल विकास गरिनेछ। सो नमूनाका आधारमा सम्भाव्य मुलुकसँग सम्झौता गर्न वार्ता शुरू गरिनेछ," बजेट वक्तव्यमा भनिएको छ।

त्यस्तै, सूचना प्रविधि उद्योगले आफ्नो नाफा पूँजीकरण गरेमा लाग्ने लाभांश करमा छुट दिने व्यवस्था बजेटमा राखिएको छ। व्यवसायको क्षमता विस्तारका लागि पूँजी वृद्धि गरेको अवस्थामा नियन्त्रणमा परिवर्तनका कारण लाग्ने करमा सहुलियत दिने व्यवस्था पनि सरकारले ल्याएको छ। यसबाट खासगरी स्टार्टअप र भेन्चर क्यापिटल, प्राइभेट इक्विटी फन्ड लाभान्वित हुने विश्वास लिइएको छ। अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा गरिएका प्रतिबद्धता तथा सम्झौताबमोजिम व्यापार सहजीकरण एवं लगानी प्रवर्द्धन गर्न नयाँ भन्सार ऐन तर्जुमा गरिने योजना सरकारले अघि सारेको छ।

दैनिक एक हजार लिटरभन्दा बढी दुध उत्पादन गर्ने पशुपालन फर्म तथा उद्योगले पैठारी गर्ने स्टील मिल्क क्यानमा लाग्दै आएको १५ प्रतिशत भन्सार महसूल घटाइ एक प्रतिशत मात्र कायम गरिएको छ।

निकासीकर्ताले विदेशी मुद्रा प्राप्तिको कागजात तत्काल पेश गर्न नसक्ने अवस्था भएमा त्यस्तो कागजात पछि पेश गर्ने शर्तमा निकासी गर्न सकिने निकासी मूल्यको सीमा साबिकको अमेरिकी डलर १० हजारबाट वृद्धि गरी अमेरिकी डलर २५ हजार पुर्‍याइएको छ। यसबाट खासगरी साना तथा मझौला निकासीकर्ता उद्योग लाभान्वित हुने ठानिएको छ। वनमारा, पात पतिङ्गरलगायत खेर जाने सामग्रीबाट बन्ने पिलेटको निकासीमा लाग्ने महसूल हटाइएको छ। अपाङ्गता भएका व्यक्तिले पैठारी गर्ने स्कूटरमा मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्थाको सट्टा भन्सार बिन्दुमा नै छुट दिने व्यवस्था बजेटमा राखिएको छ।

आन्तरिक राजस्व परिचालन रणनीति तर्जुमा गरी लागू गर्ने, छैटौं चरणाको भन्सार सुधार तथा आधुनिकीकरण योजनाबमोजिम भन्सार प्रशासन सुधार गर्ने, राजस्व प्रशासनको विभागीय प्रमुखमा पदस्थापन गर्दा आवश्यक पर्ने निश्चित योग्यता एवं कार्य अनुभवसहितको मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने, कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गर्दै लगिने लगायतका व्यवस्था बजेटमा राखिएका छन्।

त्यस्तै, कर छुट दिंदा सरकारले त्याग

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# महीनावारीको पीडा कम कसरी गर्ने

महीनावारीको समयमा कसरी सरसफाइमा ध्यान दिन सकिन्छ भन्नेबारे सचेत गराउने उद्देश्यले हरेक वर्ष मे २८ तारिखमा 'महीनावारी स्वच्छता दिवस' मनाइन्छ। महीनावारी स्वास्थ्य समग्र स्वास्थ्यको लागि धेरै महत्त्वपूर्ण छ। युनिसेफ अनुसार विश्वभर करीब १.८ बिलियन महिलालाई महीनावारी हुन्छ। जसमध्ये ८० प्रतिशत महिलालाई महीनावारीको पीडा र ३० प्रतिशतले कडा पिरियड क्र्याम्प्सको सामना गर्नुपर्ने हुन्छ। अनियमित मासिक चक्रका कारण १४ देखि २५ प्रतिशत महिलाले प्रजनन उमेरमा समस्याको सामना गर्नुपर्ने हुन्छ।



महीनावारी हुँदा किन समस्या हुन्छ ? यस्ता समस्याका पछाडि धेरै कारण हुन सक्छन्, जसमा तनाव, खराब खानपान, व्यायामको कमी र हार्मोनल सन्तुलन समावेश छ। यद्यपि उचित महीनावारी स्वच्छता र शिक्षामा पहुँचको कमीको कारण, आज धेरै महिलाहरूले पिएमएस, युटिआई, पिसिओएस र पिसिओडी जस्ता विभिन्न स्वास्थ्य समस्याको सामना गर्छन्, बेवास्ता गर्छन् र उपचार गर्दैनन्। यसका लागि विश्व स्तरमा चेतना फैलाउन आवश्यक छ।

**महीनावारी स्वास्थ्य व्यवस्थापन गर्ने तरीका** : आयुर्वेदमा महीनावारीलाई समग्र स्वास्थ्यको एउटा महत्त्वपूर्ण भाग मानिन्छ। यसमा महीनावारीलाई एउटा प्राकृतिक शुद्धीकरण प्रक्रिया मानिन्छ जसमा शरीरबाट विषाक्त पदार्थ र फोहोर निस्कन्छ। आयुर्वेदिक विशेषज्ञ डा पूजा कोहलीका अनुसार महीनावारीको समस्यालाई हामीले पाँच तरीकाले प्राकृतिकरूपमा व्यवस्थापन गर्न सक्छौं।

**तरल पदार्थ** : हर्बल चिया र तातो पानीको रूपमा प्रशस्त तरल पदार्थ पिउनाले तपाईंलाई हाइड्रेटेड रहन मदत गर्न सक्छ। यसले प्रभावकारीरूपमा तपाईंको शरीरबाट विषाक्त पदार्थ र फोहोर हटाउन मदत गर्छ। क्याफिन, सोडा र अल्कोहलजस्ता उत्तेजक पेय पदार्थ खानुहुँदैन। तातो पानी, अदुवाको चिया वा जीरा पिउनाले सुन्निने र दुखाइ कम गर्न मदत गर्छ।

**साधारण र पौष्टिक खाना** : तपाईं जति धेरै प्रशोधित र भुटेको खाना खानुहुन्छ, महीनावारीको समयमा धेरै समस्याको सामना गर्नुपर्छ। महीनावारी भएको बेला सरल र तरल खानेकुरा खानुपर्छ। तातो र ताजा खाना खानुपर्छ। मौसमी तरकारी र खानामा कम मसाला प्रयोग गर्नुपर्छ।

महीनावारीको समयमा महिलाको शरीरले सामान्यतया कडा परिश्रम गर्छ, जसको कारण थकानको सामना गर्नुपर्ने हुन सक्छ। पर्याप्त निदाएर शरीरलाई रिकभर र रिचार्ज गर्न सकिन्छ। दिनभर ओछ्यानमा सुतेर पनि फाइदा हुँदैन, त्यसैले शारीरिक गतिविधि गर्नुपर्छ। हलुका हिंड्ने, योग स्ट्रेच आदि गर्नाले दुःखाइबाट राहत पाइन्छ र मुड पनि सुधार्न सकिन्छ।

**सरसफाइ** : महीनावारीको समयमा राम्रो सरसफाइ राख्नु निकै महत्त्वपूर्ण हुन्छ। प्याडलाई हरेक ४–६ घण्टामा बदलिनुपर्छ। यसबाहेक सुगन्धित उत्पादन प्रयोग नगर्नुहोस् किनभने त्यसबाट प्रभावित क्षेत्रमा जलन हुन सक्छ। तातो पानीले नुहाउँदा मांसपेशी दुख्ने समस्याबाट राहत पाउन सकिन्छ।

**आयुर्वेदिक चिकित्सा** : धेरैजसो महिलाहरूले महीनावारीको समयमा हल्कादेखि गम्भीर पीडा महसूस गर्छन्। यद्यपि ओभर–द–काउन्टर औषधिहरूले तपाईंलाई तत्काल राहत दिन मदत गर्न सक्छ तर लामो अवधिसम्म त्यसको सेवनबाट अवस्था बिग्रन सक्छ। यसको सट्टा आयुर्वेदिक औषधिहरू जस्तै त्रैलोक्य विजयावटी। यसले महीनावारीको दुःखाइ र असुविधाको लक्षण कम गर्न मदत गर्दछ।

# सम्बन्धमा प्रतिदिन कुराकानी गर्न जरुरी छ

वार्तालाप भनेको सम्बन्ध कायम राख्ने प्रेम र स्नेहको आधार हो। यो एउटा ढोका हो, जसले दुई हृदयलाई जोड्छ र तिनीहरूलाई एकसाथ राख्ने काम गर्छ।



त्यसैले कुरा गर्नु जरुरी छ। तर प्रश्न उठ्छ सम्बन्ध बनाइराख्न दिनहुँ कुरा गर्नु आवश्यक छ ? जवाफ छ– आवश्यक छैन तर निश्चितरूपमा लाभदायक अवश्य छ।

आजको व्यस्त जीवनमा सबैसँग समयको अभाव हुन्छ। यस्तो अवस्थामा, हरेक दिन लामो कुरा गर्न गाऱ्हो हुन सक्छ। तर यसको मतलब यो होइन कि सम्बन्ध कायम राख्न कुनै सञ्चार हुनुहुँदैन।

हरेक दिन घण्टौं फोनमा कुरा गर्नुभन्दा तपाईं के र कसरी कुरा गर्दै हुनुहुन्छ भन्ने महत्त्वपूर्ण हुन्छ। यदि तपाईं उसको जीवनमा के भइरहेको छ, कस्तो महसूस भइरहेको छ भन्ने कुरा पार्टनरसँग साझा गर्न सक्षम हुनुहुन्छ भने यसले तपाईंको सम्बन्ध बलियो बनाउँछ। तर तपाईं यदि झगडा गर्नुहुन्छ भने दिनहुँ कुरा गर्नुको कुनै अर्थ छैन।

सबैको आफ्नै व्यक्तित्व र सञ्चार–शैली हुन्छ। केही जोडी हरेक दिन साना–साना कुराहरू साझा गर्न मन पराउँछन्, जबकि कोही हप्तामा एकपटक गहिरो कुराकानी गर्न मन पराउँछन्। दुवै तरीका सम्बन्धको लागि राम्रो हुन सक्छ, यो महत्त्वपूर्ण छ कि दुवै साझेदार यसमा सहज छन्।

सम्बन्ध कायम राख्न कुरा गर्नु आवश्यक छ, तर पर्याप्त छैन। कुरा गर्दा अन्यत्र व्यस्त हुनुहुँदैन। उदाहरणका लागि, फोनमा कुरा गर्दा टिभी हेर्ने वा अन्य काम नगर्नुहोस्। कुनै किसिमको शङ्का भएमा कुराकानीबाट टाढा नजानुहोस्, शान्त मनले छलफल गर्नुहोस्। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## रफाह क्रसिङ पुनः खोल्न तयार रहेको राष्ट्रपतिको भनाइ



इजिप्टतर्फ रफाह सीमा क्रसिङमा गाजापट्टीमा जान रोकिएका राहत सामग्री बोकेका ट्रकहरू । तस्वीरः रायटर्स

रामल्लाह (प्यालेस्टिन), १५ जेठ/सिन्ह्वा

प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले गाजापट्टी र इजिप्टबीचको रफाह सीमा क्रसिङ पुनः खोल्ने काम गर्ने तयारी अवस्थामा रहेको बताएका छन् ।

राष्ट्रपतिले प्यालेस्टिनी पक्ष सन् २००५ मा क्रसिङको व्यवस्थापनका लागि हस्ताक्षर गरिएको सम्झौता अन्तर्गत रफाह क्रसिङ पुनः खोल्न तयार रहेको प्यालेस्टिनी समाचार एजेन्सी डब्लुएएफएले जनाएको छ ।

युरोपियन युनियन (इयू)को विदेश नीति प्रमुख जोसेप बोरेलको बयानको प्रतिक्रियामा इयूले रफाहमा आफ्नो सीमा सहायता मिसन पुनः सक्रिय गर्न सहमत भएको घोषणा गरेको थियो ।

बोरेलले ब्रसेल्समा आयोजित पत्रकार सम्मेलनमा सीमा मिसनको पुनर्उत्थानका लागि इजिप्ट, प्यालेस्टाइन र इजरायलको समर्थन आवश्यक पर्ने बताएका छन् ।

इजरायली सेनाले गाजा नियन्त्रणमा लिएदेखि गाजामा सहायताका लागि मुख्य प्रवेशबिन्दु रफाह क्रसिङ लगभग तीन हप्तादेखि बन्द भएको समयमा बोरेलको यस्तो बयान आएको हो ।

युरोपेली सङ्घद्वारा सन् २००५ मा रफाहमा तैनाथ गरिएको सीमा सहायता मिसनले प्यालेस्टिनी इस्लामिक प्रतिरोध आन्दोलनद्वारा गाजा नियन्त्रण गरेपछि सन् २००७ देखि स्थगित गरेको थियो । रासस

## पपुवा न्युगिनीमा सक्दो सहयोग गर्न भारत तयार -प्रधानमन्त्री मोदी

नयाँ दिल्ली (भारत), १५ जेठ/एएनआई

प्रधानमन्त्री नरेन्द्र मोदीले मङ्गलवार पपुवा न्युगिनीमा पहिरोमा परी ज्यान गुमाउनेको सङ्ख्या करीब ६७० जनाको परिवारप्रति समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

प्रधानमन्त्री मोदीले पपुवा न्युगिनीमा भएको घातक पहिरोबाट ज्यान गुमाएको र क्षति भएकोमा दुःख व्यक्त गरे । उनले यस दुःखद घडीमा भारत सबै सम्भव सहयोग गर्न तयार रहेको कुरामा जोड दिए ।

पपुवा न्युगिनीमा विनाशकारी पहिरोबाट भएको मानवीय र अन्य क्षतिप्रति हामी गहिरो दुःख व्यक्त गर्छौं । हामी पीडित परिवारप्रति हार्दिक समवेदना प्रकट गर्छौं र घाइतेको शीघ्र स्वास्थ्यलाभको लागि प्रार्थना गर्छौं । भारत सबै सम्भव सहयोग प्रदान गर्न तयार छ, प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समार्फत भने ।

गत हप्ता शुक्रवार उत्तरी पपुवा न्युगिनीको पहाडी क्षेत्र एन्गामा विनाशकारी पहिरो गएको थियो ।

देशमा आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम)का मिसन प्रमुखको अनुमान अनुसार पहिरोमा परी ६७० जनाको ज्यान गएको छ । तर पपुवा न्युगिनीको विपद् एजेन्सीको पछिल्लो प्रक्षेपण अनुसार यो आकलन कम हुन सक्ने बताइएको छ ।

"पहिरोमा दुई हजारभन्दा बढी मानिस पुरिएका छन्, खेतीयोग्य जमीन तथा भवनको नाश भएको छ । देशको अर्थतन्त्रमा ठूलो असर परेको छ"-राष्ट्रिय विपद् केन्द्रका कार्यवाहक निर्देशक लुसेट लासो मानाले संयुक्त राष्ट्रसङ्घलाई लेखेको पत्रमा जानकारी गराए ।

स्थिति अस्थिर छ, पहिरो बढ्दै गइरहेको छ, जुन उद्धार टोली र जीवित दुवैका लागि जोखिम छ, उनले भने ।

अधिकारीका अनुसार यम्बली गाउँका १५० भन्दा बढी घर भासिएका छन् र यो क्षेत्र चरम जोखिममा रहेको बताइएको छ । रासस

## विमानभित्र बम भएको झूटो हल्ला

नयाँ दिल्ली (भारत), १५ जेठ/सिन्ह्वा

भारतको राजधानी दिल्लीस्थित विमानस्थलमा मङ्गलवार आन्तरिक विमानभित्र बम भएको सूचना आएपछि विमानलाई तत्काल आइसोलेशनमा लगिएको अधिकारीले बताएका छन् । उक्त सूचना झूटो साबित भएको छ ।

अधिकारीका अनुसार दिल्लीबाट बनारसतर्फ उडान भरिरहेको निजी एयरलाइन्स इन्डिगोको विमानभित्र बम भएको सूचनाबारे इन्दिरा गाँधी अन्तर्राष्ट्रिय विमानस्थलले जानकारी गराएपछि विमानलाई तुरुन्तै आइसोलेशनमा लगिएको थियो ।

१७० जना यात्रु बोकेको उक्त विमान विमानस्थलबाट उड्नुभन्दा केही मिनेट अघि रनवेमा रोकियो । सबै यात्रु र चालक दललाई आपत्कालीन ढोकाबाट उतारेपछि विमानको राम्ररी चेकजाँच गरियो । तर विमानभित्र कुनै संदिग्ध वस्तु फेला परेन ।

"अहिले विमान निरीक्षण भइरहेको छ । सबै सुरक्षा जाँच पूरा भएपछि, विमानलाई टर्मिनल क्षेत्रमा फिर्ता लगिनेछ"-एयरलाइन्सले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

यो राजधानी नयाँ दिल्लीका विद्यालय, विमानस्थल र अस्पतालमा पठाइएको नक्कली बम धम्कीको शृङ्लामध्ये पछिल्लो घटना हो । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – सफलता |
| मिथुन – राज्यभय | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – शत्रुभय |
| तुला – कार्यनाश | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – कान्तिक्षय |
| कुम्भ – सुयश | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### यस्ता ...

गरेको करको हिसाब सरकारको वित्तीय प्रतिवेदनमा प्रतिविम्बित हुनेगरी कर खर्च प्रणाली अवलम्बन गरिने, विकास सहायतासम्बन्धी नयाँ सम्झौता गर्दा आयोजनालाई कर छुट दिने व्यवस्था गर्नुको सट्टा कर फिर्ता वा निकासीको माध्यमबाट कर छुट प्रदान गर्ने व्यवस्था मिलाइनेलगायत विषय बजेटमा परेका छन् ।

मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले क्रमशः अनिवार्यरूपमा विद्युतीय प्रणालीबाट बीजक जारी गर्नुपर्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख छ । वार्षिक रु २५ करोडभन्दा बढीको कारोबार गर्ने सबै करदाताको कारोबारलाई केन्द्रीय बीजक अनुगमन प्रणालीमा आबद्ध गर्नुपर्नेछ ।

उपभोक्तालाई बिलिङ प्रणालीमा आकर्षित गर्न डिजिटल माध्यमबाट भुक्तानी गरिएको मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम उपभोक्तालाई फिर्ता दिने व्यवस्थाको कार्यान्वयनमा देखिएका समस्या समाधान गरी आगामी साउनदेखि प्रभावकारीरूपमा कार्यान्वयन गरिने जनाइएको छ ।

सबै सरकारी निकायले स्थायी लेखा नम्बर लिई विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने योजना अघि सारिएको छ ।

त्यस्तै, स्थानीय तहसँग समन्वय र सहकार्य गरी एकीकृतरूपमा करदाता दर्ता गर्ने र करका विवरण सङ्कलन गर्ने कार्यमा सहयोग आदानप्रदान गर्न सूचना प्रणालीको विकास गरिने जनाइएको छ । करदाताको सङ्ख्या र कारोबारको प्रकृति अनुसार आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको विस्तार एवं स्तरोन्नति गर्ने, भन्सार प्रशासनको सङ्गठनात्मक सुधार गर्ने, भन्सार जाँचपास कार्यालयको पुनर्संरचना गरी जाँचपासपछिको परीक्षण कार्यलाई प्रभावकारी बनाइनेलगायत विषय बजेट वक्तव्यमा परेका छन् ।

त्यसैगरी, राजस्व प्रशासनमा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली लागू गर्ने बजेट वक्तव्यमा उल्लेख छ । राजस्व प्रशासनमा कार्यरत कर्मचारीको व्यावसायिकता एवं मनोबल उच्च राख्न उपयुक्त उत्प्रेरणाको व्यवस्था गरिने, बैंक तथा वित्तीय संस्थामा पेश गरिएका वित्तीय विवरण र कर सूचना प्रणालीमा पेश भएका विवरणबीच आबद्धता कायम गर्ने स्वचालित प्रणाली विस्तार गरी लागू गरिनेलगायत व्यवस्था बजेटमा परेका छन् । त्यस्तै, करदाताले बुझाउनुपर्ने विवरण बुझाएको र कर बक्यौता नरहेको अवस्थामा करदाता स्वयंले क्युआर कोडसहितको करचुक्ता प्रमाणपत्र प्राप्त गर्न सक्ने प्रणालीको विकास गरिनेछ । व्यावसायिक कारोबारको भुक्तानी विद्युतीय माध्यम वा क्युआर कोडमार्फत गर्दा व्यावसायिक खातामा भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था ल्याइएको छ ।

करपरीक्षण तथा अनुसन्धानलाई स्वच्छ, पारदर्शी र आधुनिक बनाउन ई-एसिसमेन्ट तथा फेसलेस अडिट लागू गर्ने, राजस्व प्रशासनमा इन्टेलिजेन्स युनिट खडा गरी सूचनाको प्राप्ति, वर्गीकरण, एकीकरण र विश्लेषण गर्ने प्रणालीको विकास गरिने जनाइएको छ । आयकर प्रयोजनका लागि भौतिक उपस्थिति नभएको तर आर्थिक उपस्थितिलाई समेट्ने गरी बासिन्दाको परिभाषामा परिमार्जन गरिएको छ ।

यसबाट अन्तर्राष्ट्रिय डिजिटल प्लेटफर्मको बढ्दो प्रयोगबाट हुन सक्ने कराधारको क्षयीकरण रोक्ने आधार तयार गरिने ठानिएको छ ।


**सखुवाप्रसौनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सखुवाप्रसौनी, पर्सा**
**मधेस प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकतासम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशितः मिति २०८१/०२/१६)**

उपरोक्त सम्बन्धमा यस सखुवाप्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका स्वास्थ्य चौकीहरूका लागि तपसिल अनुसारको पद/तह रिक्त रहेकाले सेवा करारमा भर्ना लिनको लागि १५ दिने सूचना आह्वान गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकले प्रथमपटक सूचना प्रकाशित मितिले १५ दिनभित्र आवेदनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्रसं | विज्ञापन नं | पद | तह | सिट सङ्ख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १) | ०९-२०८०/८१ | सूचना प्रविधि अधिकृत (IT Officer) | अधिकृतस्तर छैटौं वा सो सरह | १ | लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्यूनतम योग्यता वा मान्यताप्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहका विषयहरूमध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCIS, BCA, BEIT, B.Sc IT, B.Sc CSIT, BE.Electronics and Communication Engineering वा B.Tech Electronics and Communication Engineering) उपाधि प्राप्त गरेको । |
| २) | १०-२०८०/८१ | स्टाफ नर्स | पाँचौं/प.हे.न. | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट पिसिएल नर्सिङ कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको |
| ३) | ११-२०८०/८१ | अ.न.मी. | सहायक चौथो/क.न. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको |
| ४) | १२-२०८०/८१ | हेभी सवारी चालक | प्रथम स्तर | १ | नेपाल सरकारबाट J2 (Backhoe loader) वर्गको सवारी चालक इजाजतपत्र प्राप्त गरेको, साधारण लेखपढ गर्न जानेको |
| ५) | १३-२०८०/८१ | हलुका सवारी चालक | प्रथम स्तर | ३ | नेपाल सरकारबाट 'B' वर्गको सवारीचालक इजाजतपत्र प्राप्त गरेको, साधारण लेखपढ गर्न जानेको (एकजना सफाइ टङ्कीको लागि) |
| ६) | १४-२०८०/८१ | रिटर्नी स्वयंसेवक | | १ | नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट न्यूनतम कक्षा ८ पास गरेको, वैदेशिक रोगजारमा गई (खाडी मुलुक र मलेशिया) कम्तीमा एक वर्ष काम गरेको |
| ७) | १५-२०८०/८१ | सफाइ कर्मचारी | प्रथम स्तर | १ | सफाइ टङ्कीको लागि, साधारण लेखपढ गर्न जानेको |

**थप जानकारी**:

१. सम्पर्क मिति : आवेदनको अन्तिम मितिको भोलिपल्ट ।
२. आवेदन बुझाउने अन्तिम मिति : २०८१/०२/२४ गते ।
३. उमेर : १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको (सूचना प्रविधि अधिकृतको हकमा ३५ वर्ष ननाघेको) ।
४. आवेदन दस्तुर : सूचना प्रविधि अधिकृतको हकमा रु १,०००।०० र बाँकी सबैको हकमा रु.५००।- मात्र ।
५. आवश्यक कागजातहरू : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Biodata), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, विदेशी बोर्डबाट उत्तीर्ण गरेको भए समकक्षता प्रमाणपत्रको प्रतिलिपि ।
६. परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता (सवारी चालकको लागि प्रयोगात्मकसमेत) ।
७. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
८. तलब स्केल : नेपाल सरकारको प्रचलित स्केल तथा गाउँ कार्यपालिकाको निर्णय अनुसार ।
९. करार सम्झौता : २०८१ असार मसान्तसम्म/कार्यसम्पादन राम्रो भएको अवस्थामा म्याद थप गर्न सकिनेछ ।
१०. आवेदन बुझाउने स्थान : प्रशासन शाखा, सखुवाप्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पर्सा ।

**थप जानकारीको लागि**: ९८५५०८८२३३ वा itosakhuwaprasaunimun@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

नोट : १. फाराम भर्ने अन्तिम मिति सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयसम्म फाराम भर्ने म्याद हुनेछ ।
२. यस सूचनामा उल्लेख भएका बाहेकका विषयहरू प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको पदपूर्ति समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# गणतन्त्र दिवसको अवसरमा २८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १५ जेठ/

गणतन्त्र दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाले रक्तसञ्चार केन्द्र वीरगंजमा आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित २८ जनाले रक्तदान गरेका छन् ।



तस्वीरः सौजन्य

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले कुसुम पोद्दार, बलिराम महतो, वनिश आलम, आकाश गुप्ता, आलोक कुमार, विवेक राउत, सञ्जय पाण्डे, विजय यादव, नसीम अख्तर, सञ्जय साह, नितेश ठाकुर, अर्जुन पटेल, अनिल चौधरीलगायतले रक्तदान गरेको बताए ।

कार्यक्रममा नेरेसो पर्साका सभापति वीरेन्द्रराज कँडेल, रक्तसञ्चार केन्द्र वीरगंजकी अध्यक्ष मधु राणा, मदन गुप्तालगायतको सहभागिता थियो ।

# गणतन्त्र दिवसको अवसरमा वृक्षारोपण

प्रस, वीरगंज, १५ जेठ/

१७औं गणतन्त्र दिवसको अवसरमा मङ्गलवार वीरगंज महानगरपालिका–१४ चिनीमिलस्थित पशुपति मन्दिरमा वृक्षारोपण गरिएको छ ।


तस्वीरः सौजन्य

नगरप्रमुख राजेशमान सिंह, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिताल, डिभिजन वन कार्यालय, पर्साका प्रमुख सुभाषचन्द्र दासलगायत विभिन्न सङ्घसंस्थाका व्यक्तिहरू सम्मिलित भएर वृक्षारोपण गरेका थिए ।

डिभिजन वन कार्यालय, पर्साले उपलब्ध गराएका पारिजात, मयुरपङ्खी र रुद्राक्षका ९५ वटा बिरुवा रोपिएको



ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए । कार्यक्रममा सशस्त्र, जनपद र नेपाली सेनाका जवानहरूले मन्दिर परिसरका सरसफाइ गरेका थिए ।

यसैगरी, प्रसौनी गाउँपालिकाको आयोजनामा वृक्षारोपण कार्यक्रम भएको छ । गापाको कार्यालय परिसरमा भएको वृक्षारोपण कार्यक्रममा गापा अध्यक्ष विनोद जयसवाल, जिल्ला समन्वय समिति, बाराका संयोजक नरेन्द्र साह, उपसंयोजक चन्द्रिका उप्रेती, उपाध्यक्ष किरणदेवी साह, वडाध्यक्षहरू लालबाबू मुखिया, हृदयी साह, छोटेलाल साह, याकुब अन्सारीलगायतको सहभागिता थियो ।


## गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुला स्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासका क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाइ सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


**बालगङ्गा ...**

एक हजार ६७७ टिम मात्र हुन्छ । सो ठेकेदार कम्पनीले पनि मापदण्डविपरीत कार्य गरेको पाइएकोले कारबाही गर्न कोल्हवी नपालाई पत्राचार गरिएको छ ।

त्यसैगरी, निजगढ नगरपालिकास्थित तीनवटा खोलाको ठेक्का सकार गर्ने ठेकेदार कम्पनी हिमानी सप्लायर्स, निजगढले बकैया खोलाबाट २८ लाख ३६ हजार ५१२ घनफिट, लाल–भक्तलाल खोलाबाट २७ लाख ८७ हजार १२१ घनफिट र शक्ति खोलाबाट १३ लाख ८२ हजार १७६ घनफिट गरी जम्मा ७१ लाख ६ हजार ६१८ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न पाउने ठेक्का सम्झौतामा उल्लेख छ ।

तीनवटा खोलामध्ये बकैया खोलामा मात्र ठेकेदारले उत्खनन गरेको बाँकी उत्खनन गर्नुपर्ने नदीजन्य पदार्थ लाल–भक्तलाल खोला, शक्ति खोलाबाट उत्खनन गर्न सुझाउँदै पत्रचार गरेको र मापदण्डविपरीत उत्खनन गरेबापत ठेकेदार कम्पनीलाई कानूनी कारबाही गर्न जिल्ला अनुगमन समितिले निजगढ नपालाई पत्राचार गरेको जिल्ला समन्वय अधिकारी चौधरीले बताए ।

उत्खनन खुलेका खोलाहरूको थप कडाइका साथ निगरानी बढाइने जिल्ला समन्वय समिति बाराका प्रमुख साह र प्रजिअ शशिधर घिमिरेले बताए ।

# खेलकूदको संसार

## टी–२० विश्वकप क्रिकेट : अभ्यास खेलमा नेपाल पराजित

काठमाडौं, १५ जेठ/रासस

आइसिसी टी–२० विश्वकप क्रिकेट खेल्ने तयारीमा रहेको नेपाल पहिलो अभ्यास खेलमा क्यानडासँग पराजित भएको छ। क्यानडाले नेपाललाई ६३ रनले हराएको हो ।




अमेरिकाको डालासस्थित ग्रान्ड प्रेरी रङ्गशालमा सोमवार भएको खेलमा नेपालले टस जितेर पहिले फिल्डिङ रोजेको थियो। क्यानडाले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा १८३ रन बनायो। जीतका लागि १८४ रनको लक्ष्य पाएको नेपाल १९.३ ओभरमा १२० रनमा समेटियो ।

नेपालका लागि कुशल मल्लले सर्वाधिक ३७ रन बनाए। उनले ३० बल खेल्दै दुई चौका र दुई छक्का हाने। यस्तै, अनिल साहले १६ बलमा २४, आसिफ शेखले २२ बलमा २२ तथा कुशल भुर्तेलले १६ बलमा १० रन बनाए ।

बलिङतर्फ क्यानडाका लागि डिलन हेलिगरले चार, साद बिन जाफर र जेरेमी गोर्डनले दुई/दुई तथा कलिम साना र परगट सिंहले एक/एक विकेट लिए ।

यस अघि क्यानडाका लागि ब्याटिङ गर्ने क्रममा निकोलस कीर्तनले अर्धशतकीय पारी खेले। उनले ३९ बल खेल्दै चार चौका र दुई छक्काको मदतमा ५२ रन बनाए। यस्तै, रवीन्द्रपाल सिंहले १७ बलमा ४१ रन बनाए। उनले एक चौका र चार छक्का प्रहार गरे । नवनीत धालिवालले २७ बलमा ३२, डिलन हेलिगरले १३ तथा परगट सिंहले १३ रन बनाए ।

बलिङतर्फ नेपालका लागि अविनाश बोहोराले दुई तथा करण केसी, सागर ढकाल, सोमपाल कामी र गुलशन झाले एक/एक विकेट लिए ।

नेपालले दोस्रो अभ्यास खेल यही जेठ १७ गते अमेरिकासँग खेल्नेछ । जेठ १९ गतेदेखि शुरू हुने आइसिसी टी–२० विश्वकपको पहिलो खेल नेपालले जेठ २३ गते नेदरल्यान्ड्ससँग खेल्नेछ ।

## विभिन्न विधाका आठ खेलाडी सम्मानित

काठमाडौं, १५ जेठ/रासस

राष्ट्रिय खेलकूद परिषद् (राखेप)ले गणतन्त्र दिवसको अवसरमा विभिन्न चार खेलका आठजना खेलाडीलाई मङ्गलवार नगदसहित पुरस्कृत गरेको छ। एथलेटिक्स र शारीरिक सुगठनका समान तीन/तीन तथा मुवाँथाई र उसुका समान एक/एक खेलाडीलाई प्रोत्साहनस्वरूप पुरस्कार प्रदान गरिएको छ ।



तस्वीरः सौजन्य

उनीहरूलाई राखेपका उपाध्यक्ष शिव कोइराला, सदस्यसचिव टङ्कलाल घिसिङ, नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठलगायतले सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकूद परिसरमा आयोजित कार्यक्रममा पुरस्कार प्रदान गरेका थिए।

एथलेटिक्सबाट सन्तोषी श्रेष्ठ, राजपुरा पछाईं र राममाया बूढा पुरस्कृत भएका छन्। सन्तोषीले बङ्गलादेशमा भएको ढाका म्याराथनको दक्षिण एशियाली प्रतिस्पर्धामा स्वर्ण तथा राजपुरा र राममायाले नेपालमा भएको १६औं एशियाली क्रस कन्ट्रीको व्यक्तिगत र टीम स्पर्धामा रजत जितेका थिए ।

शारीरिक सुगठनबाट ललित धिमाल, रजनी श्रेष्ठ र समन मूलगुठीलाई पुरस्कृत गरियो। ललितले माल्दिभ्समा भएको १३औं दक्षिण एशियाली शारीरिक सुगठनमा स्वर्ण तथा रजनी र समनले नेपालमा भएको ५५औं एशियाली शारीरिक सुगठन तथा स्पोर्ट्स फिजिक च्याम्पियनशिपमा स्वर्ण पदक जितेका थिए ।

मुवाँथाईबाट गुणराज रुचाल तथा उसुबाट विजयी सिजालीले पुरस्कार पाएका छन् । गुणराजले थाइल्यान्डमा भएको १९औं विश्व मुवाँथाई च्याम्पियनशिपको सेमीप्रो स्पर्धामा स्वर्ण जितेका थिए। विश्व च्याम्पियनशिपको सेमीप्रोमा गुणराजअघि कुनै पनि नेपाली खेलाडीले पदक जित्न सकेका थिएनन् । विजयीले साउदी अरबमा भएको विश्व कम्ब्याट गेम्समा स्वर्ण पदक जितेका थिए ।

आठ खेलाडीलाई गरी रु छ लाख ५० हजार नगद पुरस्कार वितरण गरिएको राखेपका उपाध्यक्ष कोइरालाले जानकारी दिए। उनका अनुसार राजपुरा र राममायाले जनही रु ५५ हजार नगद पुरस्कार पाएका छन्। बाँकी खेलाडीलाई जनही रु ९० हजार नगद पुरस्कार प्रदान गरियो ।

कार्यक्रममा उपाध्यक्ष कोइरालाले पुरस्कृत खेलाडीलाई बधाई दिंदै आगामी दिन अझ बढी सफलता हासिल गर्न शुभकामना दिए। उनले नेपाललाई खेलाडीको देश भनेर चिनाउन सबैले आआफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

राखेपका सदस्यसचिव घिसिङले ऐतिहासिक दिवसका अवसरमा परिषद्ले खेलाडीलाई सम्मान गरेको भन्दै कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिता बेलैमा शुरू नगरे खेलाडीबाट ठूलो सफलताको अपेक्षा गर्नु न्यायोचित नहुने उल्लेख गरे । उनले ओलम्पिकमा पदक हासिल गर्ने हो भने खेलकूदलाई विद्यालय तहबाटै पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिए । यस अभियानमा सरोकार भएका निकाय तथा आमनागरिकको एक स्वर हुनुपर्ने उनको भनाइ थियो ।

खेलाडी छनोट गर्न राखेपले तालीम तथा प्रशिक्षण विभागका निर्देशक प्रचण्ड शर्माको संयोजकत्वमा नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घका अध्यक्ष दीपक श्रेष्ठ र सङ्घसंस्था समन्वय शाखाका प्रमुख चन्द्रकुमार राई सदस्य रहने गरी तीन सदस्यीय खेलाडी छनोट कार्यदल गठन गरेको थियो ।

# जसवालको पसलबाट लाखौंको चोरी

सुग्रीव साह, भिस्वा, १५ जेठ/

छिपहरमाई गाउँपालिका–५ भिस्वामा गएराति लाखौं मूल्यको चोरी भएको छ । स्थानीय सुरेन्द्रप्रसाद जयसवालको किराना थोक पसलबाट नगद र जिन्सी चोरी भएको हो।


तस्वीरः प्रतीक

जयसवालको घरको पहिलो तलाको भेन्टिलेशनबाट चोर घरभित्र प्रवेश गरी भुइँतलामा रहेको थोक पसलको दराजमा रहेको नगद चार लाख र करीब १५ तोला सुन चोरी गरेको बताइएको छ। पसलको दराजमा राखिएको नगद र सुन चोरले चोरी गरेको तर किराना सामान भने चोरी नगरेको जयसवालले बताए । चोरले पसल र घरमा जडान गरिएको सिसिटिभी क्यामरा नष्ट गरेर चोरी गरेको बताइएको छ ।